# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ८० | काठमाडौं | शनिबार, २८ असार २०८२ | Prabhab National Daily | Saturday, July 12, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## जनसंख्या वृद्धिदर कायमै राख्न सरकारले ल्यायो नयाँ नीति

### २० वर्ष पुगनसाथ बिहे गर्न प्रधानमन्त्री ओलीको सुझाव




**नयाँ नीति किन ?**

नयाँ नीतिअनुसार जनसंख्याको बनावट, संरचना, विशेषता र वितरणलाई उपलब्ध स्रोत सापेक्ष रूपमा व्यवस्थित गर्न अपरिहार्य रहेकोले नयाँ नीति आवश्यक भएको हो।

⏭ क्रमशः पृष्ठ २ मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले विकासका लागि जनसंख्या घट्नु खतरा भएको बताएका छन्। सरकारको जनसंख्या नीति सार्वजनिकीकरण कार्यक्रममा प्रधानमन्त्री ओलीले शुक्रबार यस्तो बताएका हुन्।

जनसंख्या घट्नुका विभिन्न कारण हुने उल्लेख गर्दै ओलीले विवाह ढिला गर्नु पनि कारण हुन सक्ने बताए। 'विकासको अर्थ जनसंख्या ह्रास हो भने इट्स भेरी डेन्जरस्। त्यसकारण यो चिन्ताको विषय पनि हो,' ओलीले भने, 'मुख्य कुरा जनसंख्याको विषय भनेको डेमोग्राफिक ब्यालेन्स हो। यो घट्दै गएर नजाओस्। यसका कारणहरू के छन् त ? विवाह ढिलो गर्नु हो कि ?'

राष्ट्रिय जनगणना २०७८ अनुसार, नेपालको जनसंख्या वृद्धिदरमा उल्लेखनीय ह्रास आएको देखिन्छ। २०६८ मा जनसंख्या वृद्धिदर १.३५ प्रतिशत रहेकोमा २०७८ मा आएर यो दर ०.९२ प्रतिशत मा झरेको देखिन्छ। तथ्यांकीय अवस्था हेर्दा जन्मदरमा निरन्तर कमी, औसत आयुमा बढोत्तरी, बालबालिकाको संख्यामा कमी, ज्येष्ठ नागरिकको संख्यामा वृद्धि, युवा पिँढीमा प्रजनन सम्बद्ध

- ▶▶ राष्ट्रिय जनगणना २०७८ अनुसार, नेपालको जनसंख्या वृद्धिदरमा उल्लेखनीय ह्रास आएको देखिन्छ। २०६८ मा जनसंख्या वृद्धिदर १.३५ प्रतिशत रहेकोमा २०७८ मा आएर यो दर ०.९२ प्रतिशतमा सीमित
- ▶▶ जनगणना २०७८ अनुसार हिमाली क्षेत्रसहित ३४ जिल्ला र ३१९ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक
- ▶▶ वैदेशिक रोजगारी एवं शैक्षिक आप्रवासनमा युवा वर्गको बढ्दो आकर्षण तथा अव्यवस्थित आन्तरिक बसाइँसराइ र सहरीकरण तथा बढ्दो सहरी गरिबीको अवस्थाले जनसंख्या वृद्धिदरमा कमी

मनोव्यवहारगत परिवर्तन भएको प्रतिवेदनमा उल्लेख छ। वैदेशिक रोजगारी एवं शैक्षिक आप्रवासनमा युवा वर्गको बढ्दो आकर्षण तथा अव्यवस्थित आन्तरिक बसाइँसराइ र सहरीकरण तथा बढ्दो सहरी गरिबीको अवस्थाले पनि यस्तो भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार १५-५९ वर्ष उमेर समूहको जनसंख्या ६१.९ प्रतिशत रहेको र ज्येष्ठ नागरिकको जनसंख्या १०.२१ प्रतिशत रहेको छ।

यसरी जनसंख्या वृद्धिको ह्रास रोक्न युवाहरूले बेलैमा बिहे गर्नुपर्ने प्रधानमन्त्री ओलीले सुझाएका छन्। देशलाई पुग्ने जनसंख्या व्यवस्थापन हुन नसकेको उल्लेख गर्दै ओलीले युवाहरूलाई भावनामा नबग्न आग्रह गरे। 'देशलाई पुग्ने जनसंख्या हुनु पर्‍यो। हामी कहाँ देशलाई पुग्ने जनसंख्याको व्यवस्थापन अझै हुन सकेको छैन,' ओलीले भने, 'त्यस कारण हाम्रा युवाहरू के गीत गाउँछन् भने, ४० कटेपछि रमाउला। महिलाहरूको प्रजनन क्षमता ४० कटेपछि अत्यन्तै न्यून हुन्छ वा प्रायः हुँदैन।'

जनगणना २०७८ अनुसार हिमाली क्षेत्रसहित ३४ जिल्ला र ३१९ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक रहेको पाइएको छ। बसाइँसराइ तथा विभिन्न कारण प्रजनन दर पनि प्रतिस्थापन तहभन्दा तल झरेको छ।

⏭ क्रमशः पृष्ठ २ मा

## अर्थतन्त्रलाई गतिशील बनाउन लचिलो मौद्रिक नीति


■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंक अर्थतन्त्रलाई गतिशील बनाउने कार्यदिशासहित आगामी आर्थिक वर्ष २०८२/८३ का लागि मौद्रिक नीति सार्वजनिक गरेको छ। राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले शुक्रबार आगामी आवको मौद्रिक नीति सार्वजनिक गरेका हुन्।

उनले मौद्रिक नीति सजगतापूर्वक लचिलो बनाइएको बताएका छन्। ब्याजदर थप घट्नेगरी बैंकदर तथा नीतिगत दर घटाइएको तथा व्यक्तिगत आवास र सेयर कर्जामा थप लचिलो नीति अवलम्बन गरिएको उनले बताए।

'सहज मुद्रास्फीति, सुविधाजनक विदेशी विनिमय सञ्चितिको स्थिति र परिदृश्यलाई मध्यनजर गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाइएको छ,' गभर्नर पौडेलले भने, 'यसबाट निजी क्षेत्रको पुँजी निर्माण र सरकारको आन्तरिक ऋण परिचालनको लागतमासमेत कमी आई आर्थिक गतिविधि अभिवृद्धि सहज हुने अपेक्षा गरिएको छ।'

वित्तीय स्थायित्व कायम गर्दै कर्जाको पहुँच र गुणस्तर अभिवृद्धि तथा कर्जा अधिकेन्द्रीकरण कम गर्न मौद्रिक उपाय र विवेकशील नियमनलगायत नियामकीय व्यवस्थामा तादात्म्यता कायम गरिएको गभर्नर पौडेलको भनाइ छ। खुला बजार कारोबार एवं ब्याजदर करिडोरलाई थप सुदृढ बनाई मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाइने नीति राष्ट्र बैंकले लिएको छ। आगामी आर्थिक वर्ष २०८२/८३ मा पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने मौद्रिक नीतिमा उल्लेख छ।




- ▶▶ ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाइ ६.० प्रतिशत र तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलन दरलाई तीन प्रतिशतबाट घटाइ २.७५ प्रतिशत कायम
- ▶▶ नीतिगत दर पाँच प्रतिशतबाट घटाएर साढे चार प्रतिशत बनाइयो
- ▶▶ सेयर धितोमा प्रवाह हुने 'मार्जिन' प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा १५ करोड रूपैयाँबाट बढाएर २५ करोड रूपैयाँ बनाइयो
- ▶▶ निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा दुई करोड रूपैयाँबाट बढाएर तीन करोड रूपैयाँ कायम गरिने, पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने
- ▶▶ विदेश जानेले तीन हजार डलरसम्म साट्न पाउने, बंगलादेश र श्रीलंकालगायतका मुद्रालाई परिवर्त्य विदेशी मुद्राको सूचीमा थप गरिने
- ▶▶ विप्रेषण कारोबारमा प्रयोग हुने विनिमय दरलाई आवश्यकतानुसार पुनरावलोकन गरिने
- ▶▶ सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान र कारबाही प्रभावकारी बनाइने
- ▶▶ लघुवित्तको लाभांशसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने

यसैगरी, आगामी आर्थिक वर्षका लागि विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२ प्रतिशतसम्म रहने प्रक्षेपण मौद्रिक नीतिमार्फत गरिएको छ। ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैंकदरलाई ६.५ प्रतिशतबाट घटाइ ६.० प्रतिशत र ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको निक्षेप संकलन दरलाई तीन प्रतिशतबाट घटाइ २.७५ प्रतिशत निर्धारण गरिएको छ। नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाइ साढे चार प्रतिशत कायम गरिएको छ।

वित्तीय प्रणालीमा देखिएका विद्यमान अवसर र चुनौतीको सम्बोधन गर्दै वित्तीय प्रणालीको दिगो विकास र विस्तारका लागि दोस्रो वित्तीय क्षेत्र रणनीति नेपाल सरकारबाट स्वीकृत भएपश्चात् कार्यान्वयनमा ल्याइने मौद्रिक नीतिमा उल्लेख छ। निजी आवास खरिद गर्न प्रवाह हुने कर्जामा लचिलो नीति राष्ट्र बैंकले लिएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## साउदी जाने श्रमिकलाई तीन वर्गमा विभाजन गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि साउदी अरब जाने श्रमिकको सीपलाई तीन वर्गमा विभाजन गरिने भएको छ। त्यहाँको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयले आप्रवासी श्रमिकको श्रम स्वीकृतिलाई विभाजन गर्ने नयाँ नियम ल्याएको छ। जसअनुसार अब श्रमिकको सीपलाई उच्च सीपयुक्त, दक्ष र आधारभूत वर्गमा विभाजन गरिने छ।

उक्त विभाजन अनुसार उच्च दक्ष कामदारमा इञ्जिनियरिङ, स्वास्थ्य, कृत्रिम बौद्धिकता (एआई) सँग सम्बन्धित काम गर्नेहरू पर्छन्। सीपयुक्त जनशक्तिमा प्राविधिक व्यापारी, सुपरभाइजर आदि पर्छन्। आधारभूतमा ड्राइभिङ, क्लिनर, सामान लोड गर्नेजस्ता श्रमसँग सम्बन्धित कामहरू राखिएको छ।

साउदी जाने नयाँ श्रमिकहरूको वर्गीकरण आउँदो अगस्ट ३ देखि गरिने मन्त्रालयले जनाएको छ। हाल त्यहाँ काम गरिरहेका आप्रवासी श्रमिकहरूको वर्गीकरण प्रक्रिया भने गत जुन १८ बाट सुरु भएको थियो। श्रमिकको वर्गीकरण उनीहरूको शैक्षिक योग्यता, अनुभव, प्राविधिक दक्षता, उनीहरूले पाउने पारिश्रमिक र उमेरका आधारमा गरिने जनाइएको छ।



- ▶▶ सीपयुक्त, दक्ष र आधारभूत वर्गमा विभाजन गरिने
- ▶▶ उच्च दक्ष कामदारमा इञ्जिनियरिङ, स्वास्थ्य, कृत्रिम बौद्धिकता (एआई) सँग सम्बन्धित काम गर्नेहरु समेटिने
- ▶▶ नयाँ श्रमिकहरुको वर्गीकरण आउँदो अगस्ट ३ देखि सुरू हुने, त्यहाँ कार्यरतको जुन १८ बाटै सुरू
- ▶▶ श्रमिकको वर्गीकरण उनीहरुको शैक्षिक योग्यता, अनुभव, प्राविधिक दक्षता, उनीहरुले पाउने पारिश्रमिक र उमेरका आधारमा गरिने
- ▶▶ यो रणनीतिले उत्पादकत्व वृद्धि गर्ने, सीपको बेमेललाई हटाउँदै लक्ष्य प्राप्तिमा सघाउने अपेक्षा

साउदी सरकारको 'भिजन २०३० ' अन्तर्गत दिगो आर्थिक लक्ष्य प्राप्तिका लागि यो रणनीति अवलम्बन गरिएको जनाइएको छ। यसले तेलमा मात्र निर्भर साउदीलाई पर्यटन, प्रविधिजस्ता क्षेत्रतर्फ उन्मुख गराउने बताइन्छ। नियोम, कुद्दिया, रेड सी प्रोजेक्टलगायत गिगा परियोजनामा जलवायु विज्ञ, विकासविज्ञ, योजनाकार, एआई नीतिशास्त्रीजस्ता उच्च दक्ष जनशक्तिको माग हुँदै छ। यी परियोजनाका लागि समयसीमाभित्र प्रतिफल दिने र अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्ने विश्वव्यापी दक्षताको आवश्यक परेकाले यो नियम लागू गरिएको भनिएको छ। यो रणनीतिले उत्पादकत्व वृद्धि गर्ने, सीपको बेमेललाई हटाउँदै लक्ष्य प्राप्तिमा सघाउने मन्त्रालयको भनाइ छ।

बजारको आवश्यकता र कामदारको क्षमता मिलाउन यो नियम लागू गरिएको भनिएको छ। नयाँ वर्गीकरणले श्रमशक्ति परिचालनमा पारदर्शिता बढाउने र रोजगारदातालाई योग्य श्रमिकहरू दिन मद्दत गर्ने अपेक्षा गरिएको छ। यसले कम दक्ष श्रमिकमाथिको निभरतालाई क्रमिकरूपमा परिवर्तन गर्ने जनाइएको छ।

मन्त्रालयले रोजगारदाताहरूलाई किवा प्टेटफर्ममार्फत आफ्नो कम्पनीको समीक्षा गर्न र कर्मचारीहरूलाई पुनः वर्गीकरण गर्न आग्रह गरेको छ। यदि श्रमिकले उच्च श्रेणीका लागि आवश्यक मापदण्ड पूरा गरेमा पुनर्मूल्यांकन हुने व्यवस्था छ। किवा प्लेटफर्म साउदीको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालयसँग सम्बद्ध एक सरकारी प्लेटफर्म हो। यसले निजी क्षेत्रका कर्मचारी र यस क्षेत्रमा कार्यरत कम्पनीहरूबीच सञ्चार सेतूको काम गर्छ।

⏭ क्रमशः पृष्ठ २ मा





जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## तस्बिरमा रसुवा बाढीको बितण्डा


१


२


३


४

*तस्बिरहरू: ज्ञानेन्द्र न्यौपाने/रासस*

१. यही असार २४ गते नेपाल-चीन सिमानाको ल्हेन्दे खोलामा आएको बाढीले बगाएर रसुवागढीस्थित नदी किनारमा ल्याएको ढुंगा तथा संरचना ।

२. बाढीले रसुवागढीमा क्षति पुर्‍याएका सवारी साधनको अवस्था परीक्षण गर्दै चालक ।

३. बाढीले क्षतिग्रस्त भएको रसुवाको रसुवागढी हाइड्रोपावर ड्याम जाने पुल ।

४. बाढीले क्षतिग्रस्त भएको रसुवाको स्याफ्रुबेँसी-रसुवागढी सडकखण्डमा डोजरको सहयोगमा सडक मर्मत गरिँदै ।

# रसुवा बाढीबाट मृत्यु हुने ११ पुगे, ८६२ जनाको उद्धार

**काठमाडौं (प्रस)**- माथिल्लो जलाधार क्षेत्रमा हिमताल विष्फोट भएर रसुवामा मंगलबार आएको बाढीमा परेर मृत्यु हुने ११ जना पुगेका छन् ।

यसअघि नौ जनाको मृत्यु भएकामा त्रिशूली नदीको तल्लो तटीय क्षेत्रमा दुई जनाको शव फेला परेसँगै शुक्रबारसम्म मृत्यु हुनेको संख्या ११ पुगेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्म बाढीमा फसेका अलपत्र परेका तथा सडक अवरुद्ध हुँदा रोकिएका गरी ८६२ जनाको उद्धार गरिएको छ । उनीहरूलाई उद्धार गरी सुरक्षित गन्तव्यतर्फ पठाइएको उनले बताए । अहिलेसम्म एक जनाको शव सनाखत भएको र अन्य शवहरूको सनाखत हुनसकेको छैन । कतिपयको चिन्न नसक्ने अवस्थाको र कतिपय मानव अंगमात्र फेला पारिएको छ ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार अझै १९ जना बेपत्ता रहेका छन् । उक्त बाढीमा परेर रसुवाबाट हराइरहेका एक जना प्रहरी (असई) लालबहादुर श्रेष्ठको शव पहिचान भएपछि अन्त्येष्टि गरिएको तर अरुको पहिचान नहुँदा अन्त्येष्टि गर्न सकिएको छैन । शवलाई महाराजगञ्जस्थित शिक्षण अस्पतालमा राखिएको छ ।

उक्त बाढीमा परेकाहरूको उद्धारका लागि एक हजार ३०० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । बेपत्ताहरूको खोजी अहिले पनि जारी रहेको प्रहरीले जनाएको छ । उक्त बाढीले नेपाल-चीन सीमा क्षेत्रको मितेरी पुल बगाएको थियो । यस्तै २४ वटा कन्टेनर, छवटा ट्रक र ४२ वटा इभी गाडी बगाएको छ । धुन्चेबाट टिमुरे जाने सडकमा ठूलो क्षति पुगेको छ । रसुवागढी हाइड्रोको ड्याम, भन्सार कार्यालयको यार्डमा पनि क्षति पुगेको छ । यहाँ माथिलो जथाधार क्षेत्रमा रहेको हिमताल विष्फोटबाट बाढी आएको जल तथा मौसम विज्ञान विभागले प्रारम्भिक निष्कर्ष निकालेको छ ।

# अध्यागमनका कर्मचारीले अब 'नैतिक संहिता' पालना गर्नुपर्ने

## प्रस्थान गर्ने यात्रुलाई 'शुभ यात्रा' र आउनेलाई 'नेपालमा स्वागत छ' भन्नै पर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं**- त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले आफ्ना कर्मचारीका लागि शुक्रबारदेखि नैतिक संहिता लागू गरेको छ । अध्यागमन सेवालाई प्रभावकारी बनाउने उद्देश्यले नैतिक संहिता बनाई लागू गरिएको विमानस्थल अध्यागमन कार्यालयका प्रमुख अध्यागमन अधिकृत विष्णुप्रसाद कोइरालाले जानकारी दिए ।

उनका अनुसार अध्यागमन प्रशासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा सिद्धान्तअनुरूप कर्मचारीलाई विद्यमान राष्ट्रिय कानुन, सामाजिक तथा सांस्कृतिक मूल्यप्रति जिम्मेवार र संवेदनशील बनाई कर्मचारीको असल व्यक्तिगत, पदीय एवं पेसागत आचरणका साथै व्यवहारका माध्यमबाट आमनागरिकले अनुभूति गर्नेगरी सेवा प्रवाहलाई छिटोछरितो, निष्पक्ष, पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र नतिजामूलक बनाउन आचारसंहिता लागू गरिएको हो ।

विभागका अनुसार प्रस्थान गर्ने यात्रुलाई कम्तीमा शुभयात्रा (हयाव अ नाइस जर्नी) भन्ने, नेपालभित्र प्रवेश गर्नेलाई कम्तीमा नेपालमा स्वागत छ (वेलकम इन नेपाल) भन्ने तथा कम र आवश्यक प्रश्नमात्र गर्ने आचारसंहितामा उल्लेख छ ।

आचारसंहितामा खाडी मुलुकहरूमा श्रम, काम गर्न प्रस्थान गर्दा सम्मानयुक्त शब्दहरू प्रयोग गर्ने, रूखो व्यवहार नगर्ने, बोलीवचनमा मिठासपना दिने, देशको मुहार झल्कने ठाउँ भएकाले पर्यटकहरूसँग बोलीवचन र हाउभाउले आत्मियता प्रदान गर्नेलगायत विषयहरू उल्लेख गरिएका छन् ।

उक्त नैतिक संहिताअनुरूपको व्यवहार देखिएको/नदेखिएको यात्रुहरूले तत्कालै व्यक्त गर्न हाल कार्यालयको १५ वटा कक्षमा आफूले प्राप्त गरेको सेवाको सन्तुष्टि व्यक्त गर्नेगरी सर्वेक्षणको पनि व्यवस्था गरिएको कार्यालयले जनाएको छ ।

# कामपाको आगामी बजेट सीमा २५ अर्ब ११ करोड



**काठमाडौं (प्रस)**- काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि २५ अर्ब ११ करोड रूपैयाँको बजेट सीमा निर्धारण गरेको छ । आन्तरिक विवादका कारण कामपाले बजेट ल्याउने समयसीमाभन्दा ढिला बजेट ल्याउन लागेको हो ।

कामपाका प्रमुख बालेन्द्र साहको अध्यक्षतामा शुक्रबार बसेको राजस्व परामर्श समितिको बैठकले सो बजेट सीमा निर्धारण गरेको हो । शुक्रबार नै बसेको महानगरको ४०औं कार्यपालिका बैठकले भोलि आइतबार १७औं नगरसभा अधिवेशन बस्ने निर्णय गरेको छ । सोही दिन बिहान कार्यपालिका बैठक बस्ने महानगर प्रमुख साहले बताए ।

महानगरले चालु आर्थिक वर्षका लागि गत वर्ष २४ अर्ब ९० करोड रूपैयाँको बजेट ल्याएको थियो । आगामी आवका लागि चालु आवको तुलनामा २१ करोड रूपैयाँले वृद्धि गर्नेगरी सीमा निर्धारण गरेको हो ।

राजस्व परामर्श समितिको बैठकमा प्रमुख साहले जनचाहनाअनुरूप विकास गर्ने गरी पूर्वाधार विकासमा बजेट थप गर्न निर्देशन दिएका थिए । चालु आवको तुलनामा आगामी आर्थिक वर्षमा पूर्वाधार विकासमा बजेट थप गर्ने निर्णयसमेत समितिले गरेको छ ।

### संसदीय समितिको निर्देशन

# औषधि लिमिटेडलाई पूर्ण क्षमतामा सञ्चालन गर्नू

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारी स्वामित्वको नेपाल औषधि लिमिटेडलाई व्यावसायिक बनाउँदै पूर्णक्षमतामा सञ्चालन र राज्यको आधारभूत औषधि उत्पादनको प्रमुख एकाइका रूपमा विकास गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको शुक्रबारको बैठकले सो कम्पनीलाई उत्पादन अभिवृद्धि तथा व्यवसाय विस्तारसम्बन्धी वित्तीय आवश्यकताको परिपूर्ति गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएको हो । बैठकले तीनै तहका सरकारी निकायबाट हुने औषधि खरिदमा सो कम्पनीका उत्पादनलाई प्राथमिकतामा राखी खरिद गर्न, आवश्यक नीतिगत व्यवस्था गर्न उद्योग, वाणिज्य तथा आपूर्ति, स्वास्थ्य तथा जनसंख्या र अर्थ मन्त्रालयलाई निर्देशित गरेको छ ।

समितिले औषधि लिमिटेडको संस्थागत क्षमता सुदृढीकरणका लागि सक्षम तथा दक्ष जनशक्ति व्यवस्थापन र विश्व स्वास्थ्य संगठनको मापदण्डअनुरूपको औषधि उत्पादनमा जोड दिन आग्रह गरेको छ । बैठकले संघीयताअनुकूल सेवा प्रवाह विस्तार गर्न दीर्घकालीन रणनीतिक योजना बनाई यथाशीघ्र कार्यान्वयनमा ल्याउन स्वास्थ्य मन्त्रालय र लिमिटेडलाई निर्देशन दिएको छ ।

बैठकले सरकारबाट निर्धारित आधारभूत अत्यावश्यकीय औषधिमध्ये औषधि लिमिटेडबाट उत्पादन भएका औषधि सरकारीस्तरमा खरिद गर्ने उचित प्रबन्ध गर्न स्वास्थ मन्त्रालयसँग आग्रह गरेको छ । समितिले त्रिभुवन विश्वविद्यालयको छात्रावासमा खानेपानी तथा खाद्यवस्तुमा स्वास्थ्य तथा सरसफाइका आधारभूत मापदण्ड कार्यान्वयन गर्दै गुणस्तरीय खानेपानी, खाद्यान्न र लैंगिक संवेदनशील भौतिक पूर्वाधारको निर्माण गर्न विश्वविद्यालय प्रशासनलाई निर्देशन दिएको छ । बैठकले गुनासो सुनुवाइको यथाशीघ्र सुनिश्चितता गर्न, आन्तरिक निरीक्षण संयन्त्रको व्यवस्था गर्न सचेत गराएको छ ।

शुक्रबारको बैठकमा यही असार १९ गते औषधि लिमिटेड र कीतिपुरस्थित त्रिवि छात्रावासको स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदनमाथि छलफल भएको थियो । अनुगमनका क्रममा औषधि उत्पादन कक्षको करिडोरमा पानीको बोतल सफा गरिने र बोतल भर्ने पुराना मेसिन अलपत्र रहेकाले उत्पादन कक्षको भित्री वातावरण सन्तोषजनक नपाइएको प्रतिवेदनमा उल्लेख छ ।

त्यसैगरी कीर्तिपुरस्थित त्रिवि छात्रावासको अवस्था र व्यवस्थापन पक्ष अन्यन्त कमजोर रहेको, विद्यार्थीका लागि बसोबास र अध्ययनका लागि उचित वातावरण नरहेको, स्वच्छ पिउने पानी र खानाको मेस दयनीय रहेको प्रतिवेदनमा उल्लेख छ । खाद्य तथा प्रविधि तथा गुण नियन्त्रण विभागमा वरिष्ठ खाद्य अनुसन्धान अधिकृतसहितको संसदीय टोलीले औषधि लिमिटेड र छात्रावासको स्थलगत निरीक्षण गरेको थियो ।

बैठकमा विश्वविद्यालय क्याम्पस कीर्तिपुरका प्राचार्य प्रा.डा. अक्कलदेव मिश्रले छात्रावासलाई व्यवस्थित बनाउँदै लैजान विभिन्न सुधार सुरु गरिएको स्पष्ट पारे ।


**बहराइनमा रोजगार** कम्पनी : MANASALU MANAGEMENT OF REAL ESTATE

पूर्व स्वीकृति मिति : २०८१/०८/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२७ LT. No. 315167 चलानी नं. ६०२२९६२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ACCOUNTANTS | 1 | 1 | 150 | ५४,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 10 | 150 | ५४,६६६ | | | | | | | |
| 3 | Cleaner | 0 | 20 | 120 | ४३,७३३ | | | | | | | |
| 4 | DATA ENTRIES | 5 | 0 | 150 | ५४,६६६ | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 130 | ४७,३७८ | | | | | | | |
| 6 | Sales Men | 5 | 5 | 130 | ४७,३७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय, काठमाडौंमा मिति: २०८२ साउन ३ गते (19th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/740/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 023-590240, Mob: 9829385004 9862035436, 9815390322, 9825911000, 9820565001, 9820561001, 9825912000, E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



**साउदीमा रोजगार** कम्पनी : AL QASEEM INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०३/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२७ LT. No. 325834 चलानी नं. ६०२३९७८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 4 | 0 | 1100 | ४०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ३ गते (19th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

**युएइमा रोजगार** कम्पनी : SNAPS TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/२७ LT. No. 321523 चलानी नं. ६०२३५६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | False Ceiling/Partion Fixer | 1 | 0 | 1200 | ४४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन ४ गते (20th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ALI OVERSEAS PVT. LTD.
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np
Govt. License 722/064/065



# पर्यटक तान्दै
# बुकीपाटनका भेडीगोठ

हिजोआज भेडीगोठ र भेडाका बथान हेर्ने बुकीपाटन पुग्ने पर्यटक बढ्दै छन् । हजारौं भेडा र सयौं गोठालको बासस्थन बनेको छ ढोरपाटन बुकीपाटन अब पर्यटक घुम्ने ठाउँका रुपमा पनि विकास हुँदै छ ।

ooo

यतिबेला बुकीपाटनमा घाँस पलाएर हरियाली बनेको छ । त्यही हरियालीमा सेताम्मे भेडाका बथानले बुकीपाटनको सुन्दरतालाई बढाएको छ । पाँच वर्ष अगाडिसम्म बुकीपाटन भेडा गोठालाका लागिमात्रै प्यारो थियो । तर अहिले प्राकृतिक सुन्दरतासँग रम्नेका लाग अझ बढी प्रिय बनेको छ ।

ooo

बुकीपाटन समुद्री सतहदेखि चार हजार ५०० मिटरको उचाइसम्म फैलिएको छ । यहाँ हरेक बर्सातको समय असारदेखि कात्तिकसम्म गोठाला बस्ने गर्छन् । कात्तिक महिना पछाडि चिसो बढ्ने हुँदा बैंसी झर्ने गर्छन् ।

**डम्मर बुढामगर**/बागलुङ

बुकीपाटनको उत्तर पट्टी देखिने अनगिन्ती हिमशृंखला । चारैतिर हरियाली पहाड । त्यही पहाडका डाँडैभरि सेताम्मे भेडाका बथान । छेउछाउमा बाँसको चित्रा र प्लास्टिकका त्रिपालले बेरिएका केही अस्थायी गोठ । जहाँ केही थान दु:ख, केही थान खुसी र केही थान आशा बोकेर बसेका गोठाला भेटिन्छन् र उनीहरूसँगै भेटिन्छन् भर्खरै जन्मिएरका भेडाका पाठा । जसले लेकाली जनजीवनलाई छर्लंग पार्छ । समथर चौरमा चर्दै गरेका भेडाले धेरैलाई आकर्षित गरेको छ ।

हिजोआज त्यही भेडीगोठ र भेडाका बथान हेर्ने बुकीपाटन पुग्ने पर्यटक बढ्दै छन् । हजारौं भेडा र सयौं गोठालको बासस्थन बनेको छ ढोरपाटन बुकीपाटन अब पर्यटक घुम्ने ठाउँका रूपमा पनि विकास हुँदै छ । यतिबेला बुकीपाटनमा घाँस पलाएर हरियाली बनेको छ । त्यही हरियालीमा सेताम्मे भेडाका बथानले बुकीपाटनको सुन्दरतालाई बढाएको छ । पाँच वर्ष अगाडिसम्म बुकीपाटन भेडा गोठालाका लागिमात्रै प्यारो थियो । तर अहिले प्राकृतिक सुन्दरतासँग रम्नेका लाग अझ बढी प्रिय बनेको छ ।

भेडाका बथानले ढपक्क ढाकिएको बुकी हेर्न हजारौं पर्यटक लालायित छन् । ढोरपाटन उपत्यका पुग्ने जो कोही पर्यटक बुकीपाटन सहजै पुग्न सक्दैन । उच्च पहाडी क्षेत्र रहेको हुँदा लेक लाग्ने सम्भावना बढी हुन्छ । पछिल्लो दुई वर्षयता बुकीपाटन पुग्ने पर्यटक र पत्रकारले त्यहाँको दृश्य सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गर्न थालेपछि ढोरपाटन उपत्यका पुग्ने पर्यटकले बुकीपाटनको यात्रा तय गर्ने छन् । बुकीपाटन पुग्न सडक सञ्जालको सुविधा छैन । अघिल्लो वर्षसम्म गोरेटोमार्फत भेडीगोठाला र पर्यटक बुकीपाटन उक्लिने गर्थे । यस वर्ष भने पदमार्ग बनेको छ ।

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने बुकीपाटन पर्यटक आकर्षणको केन्द्र बन्दै गएको छ । यहाँ आउने पर्यटकको नजरमा सबैभन्दा पहिले भेडाका बथान र भेठी गोठमा पुग्ने गर्छ । ढोरपाटन पाखाथरदेखि करिब पाँच घण्टाको पैदल यात्रापछि बुकीपाटनको पहिलो गन्तव्य गर्पाछेडा पुगिन्छ । गर्पाछेडा पुग्दा बित्तिकै चारैतिर हजारौंका संख्यामा छरिएर चर्दै गरेका भेडाका बथान देख्दा पर्यटकको थकान नै मेटिने गर्छ । बुकीपाटनमा आउने अधिकांश पर्यटक भेडाका बथानसँग रमाउने ढोरपाटनका भेठी गोठाला भक्त अदैले बताए ।

पाँच वर्ष अगाडिसम्म गोठाला र भेडाका बथानबाहेक कोही पनि बुकीपाटनमा नआउने गरेको भन्दै पछिल्लो समय दिनदिनै सहर बजारबाट पर्यटक घुम्न आउने गरेको उनले सुनाए । आफूहरू बच्चैदेखि बुकीपाटनमा बस्ने हुँदा यहाँको सुन्दरतासँगै रमाउने बानी परिसकेको उनको भनाइ छ । पर्यटकले भेडीगोठ, भेडाका बथान र गोठालाका जनजीवनबारे बढी चासो दिएर हेर्ने गरेको अदैले बताए । पर्यटक आउन थालेपछि बुकी पाटनमा चहलपहल बढ्न थालेको उनी बताउँछन् ।

'हामीहरू रहरले बुकीमा बसेका हैनौं, तर अहिले त मान्छेहरू रहरले घुम्न आउँछन्, भेडा पाल्ने हाम्रो बाध्यता हो, यहीबाटै हामीहरूले जीविकोपार्जन गर्छौं, पहिले गाठालामात्रै हुन्थ्यो, बाहिरी मान्छे कोही आउँदैनथ्यो, अहिले हिउँदसम्मै बाहिरी मान्छेको चाप हुन्छ,' उनले भने, 'सहर बजारका मान्छेले भेडाको बथान नदेखेको भएर होला, यहाँ आए भने घण्टौं भुल्छन्, हामीहरूलाई पनि अनेक जिज्ञासा राखेर जान्छन्, कोही त दुई/तीन दिननै यही बस्छन् ।'

दहखर्क, टीकाधारा, फुर्सेधारा, फागुनेलगायत थुप्रै बुकीपाटन क्षेत्र पर्छन् । यो याममा बागलुङसहित पूर्वी रुकुम, डोल्पा र म्याग्दीका सयौं गोठालाहरू अस्थायी गोठ बनाएर बस्दै आएका छन् । सयौं गोठालाको हजारौं संख्यामा भेडाबाख्रा, गाईभैंसीले बुकी पाटन नै ढाकिएका हुन्छन् । एउटै गोठालाको पाँच हजारसम्म भेडा हुन्छन् । धेरै स्थानबाट गोठालाहरूले भेडा लिएर आउँदा सिंगो पहाडनै ढपक्क ढाकिने गर्छ । रोल्पाको सुनछहारीबाट बागलुङको निसीखोला, निसेलढोर हुँदै बुकीपाटन आएका पुनराम घर्तीमगरले हिजोआज घुम्न आउने पर्यटकको संख्या बढेको सुनाए ।

आफू झण्डै ४० वर्षदेखि बुकीपाटनमा भेडा चरनका लागि आएको सुनाउँदै पहिले कोही पनि घुम्नका लागि नआउने उनको भनाइ छ । रोल्पाबाट दुई साता लगाएर भेडी गोठ लिएर आएको घर्तीमगरले बताए । आफूले झण्डै एक हजार ७०० भेडा पाल्दै आएको उनको भनाइ छ । एकै ठाउँमा हजारौंको संख्यामा भेडा देख्दा घुम्न आएका पर्यटक दंग पर्ने घर्ती मगर बताउँछन् । पर्यटकले गोठालाको कपडा, खाना र बासस्थानलाई बढी चासो दिएर हेर्ने गरेको उनले सुनाए ।

उनले भने, 'बुकीपाटन त हामीजस्ता गोठलाको लागि घाँसको भण्डार हो, यहाँ जति गए पनि जति भेडा चराए पनि चार/पाँच महिनालाई प्रस्त घाँसले पुग्छ, यहाँको घाँस पोषिलो हुने हुँदा भेडा सप्रिन्छन्, त्यसले गर्दा बर्खाको समय बुकीपाटन आउँछौं, अहिले त गोठालामात्रै होइन, पर्यटक पनि बुकीपाटन आउन थाले, उनीहरूले यहाँ आएर हाम्रो भिडियो बनाएर जान्छन्, के-केमा आउँछ हेर्नुहोला भन्छन्, हामीसँग मोबेल (मोबाइल) पनि छैन, केही छैन के बाट हेर्ने ?'

बुकीपाटन समुद्री सतहदेखि चार हजार ५०० मिटरको उचाइसम्म फैलिएको छ । यहाँ हरेक बर्सातको समय असारदेखि कात्तिकसम्म गोठाला बस्ने गर्छन् । कात्तिक महिना पछाडि चिसो बढ्ने हुँदा बैंसी झर्ने गर्छन् । भैरवाहदेखि बुकीपाटन आएका प्रकाश ज्ञवालीले यहाँको प्राकृतिक सुन्दरता र भेडाका बथानले आफूलाई लोभ्याएको बताए । आठ जनाको समूहमा ढोरपाटन उपत्यका घुम्न आएको बेला होटल व्यवसायीले बुकीपाटन जान सुझाएपछि बुकी उक्लिएको उनको भनाइ छ । आफूले अहिलेसम्म एकै ठाउँमा हजारौं भेडा नदेखेको ज्ञवालीले सुनाए ।

'बुकीपाटनमा म पहिलोपटक आएको हुँ, यति अग्लो उचाइमा पहिलोपटक आएको, त्यसमाथि जिन्दगीमै पहिलोपटक पहाडै ढाकिने गरी चर्दै गरेका भेडाका बथान देखें, यो मेरो 'लाइफ'कै अविस्मरणीय हुने छ,' ज्ञवालीले भने, 'यहाँका गोठाला कति सहयोगी, कति मायालु, सबैभन्दा बढी त म यहाँको गोठ र भेडाहरूले प्रभावित भएँ, अहिले छोटो समयका लागि आएको थियौं, अर्कोपटक आउँदा धेरै दिन बस्नेगरी आउने छौं ।' *रासस*

# अलपत्र अत्याधुनिक बधशाला

**भरत केसी**/लुम्बिनी

बुटवलवासीलाई स्वच्छ, गुणस्तरीय मासु उपलब्ध गराउन बुटवलमा करोडौं लगानीमा स्थापित अत्याधुनिक पशु बधशाला सञ्चालन हुन नसक्दा अलपत्र परेको छ । बुटवल उपमहानगरपालिका र बधशाला सञ्चालन जिम्मा पाएको मुक्तिनाथ लाइभस्टक बैंक लिमिटेडबीच पशु बधशाला सञ्चालन गर्ने सम्झौता भएको झण्डै दुई वर्ष पुग्दा पनि कार्यान्वयन हुन नसक्दा बुटवल उपमहानगरपालिकाभित्र बनेको यो करोडौंको परियोजना अलपत्र अवस्थामा पुगेको हो ।

बधशाला निर्माणपश्चात् यसको दिगो सञ्चालनका लागि 'फोर पी मोडल' सार्वजनिक-निजी-उत्पादक सहकारीको सहकार्यमा बधशाला सञ्चालन हुने भनिए पनि बुटवल उपमहानगरपालिकाले फरक ढंगले निजी कम्पनीलाई सञ्चालनको जिम्मा दिएपछि यसको सञ्चालन अन्योल भएको हो । बुटवल उपमहानगरपालिकाका र बधशाला सञ्चालनको ठेक्का पाएको मुक्तिनाथ लाइभस्टक बैंक लिमिटेडबीच २०८० असोज १ गते सम्झौता भएको हो । बुटवल उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी र मुक्तिनाथ लाइभस्टक बैंक लिमिटेडका सञ्चालक तथा कम्पनी प्रतिनिधि रामशरण तिमिल्सिनाले बधशाला व्यावसायिक रूपमा सञ्चालन गर्नेगरी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

बधशाला सञ्चालनको जिम्मा पाएको मुक्तिनाथ लाइभस्टकसँग पाँच वर्षका लागि भएको सम्झौताअनुसार वार्षिक ५८ लाख ३८ हजार रूपैयाँ बुटवल उपमहानगरपालिकालाई बुझाउने र हरेक वर्ष १० प्रतिशतका दरले रकम वृद्धि हुने उल्लेख छ । तर सम्झौता भएको झण्डै दुई वर्ष बितिसक्दा पनि बधशाला व्यावसायिकरूपमा सञ्चालनमा आउन सकेको छैन । सम्झौता कार्यान्वयन हुन नसकेको भन्दै सञ्चालनको जिम्मेवारी लिएको मुक्तिनाथ लाइभस्टकले केही महिनादेखि बधशाला बन्द गरेको छ ।

तत्कालीन सम्झौतानुसार बुटवल नगरभित्र पशु बधशालाबाहेकका स्थानमा व्यावसायिकरूपमा खसी, बोका र बाख्राको बध गर्न रोक लगाउने, व्यवसायीले आफ्ना खसी, बोका र बाख्राको जथाभावी बध गरेको

> बधशाला सञ्चालनको जिम्मा पाएको मुक्तिनाथ लाइभस्टकसँग पाँच वर्षका लागि भएको सम्झौताअनुसार वार्षिक ५८ लाख ३८ हजार रूपैयाँ बुटवल उपमहानगरपालिकालाई बुझाउने र हरेक वर्ष १० प्रतिशतका दरले रकम वृद्धि हुने उल्लेख छ । तर सम्झौता भएको झण्डै दुई वर्ष बितिसक्दा पनि बधशाला व्यावसायिकरूपमा सञ्चालनमा आउन सकेको छैन ।

पाइएमा कारबाही हुने उल्लेख छ । सोहीअनुसार बुटवल उपमहानगरपालिकाले पशु बधशाला सञ्चालन गर्दा पशु बधशाला र मासु ऐन, २०५५, पशु स्वास्थ्य तथा सेवा ऐन, २०५५, फोहोरमैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०७६ र उपभोक्ता संरक्षण ऐन, २०७५ को पालना गरिने सम्झौतामा उल्लेख गरिएको छ । तर सम्झौताअनुसार व्यावसायिक प्रयोजनका लागि बधशालामा बध गर्नुपर्ने कानुनी व्यवस्थालाई कार्यान्वयन गर्न नसक्दा बधशाला सञ्चालन गर्नसक्ने अवस्था नरहेको मुक्तिनाथ लाइभस्टक बैंक लिमिटेडका अध्यक्ष उमेश आचार्य बताउँछन् । उनले सम्झौताअनुसार उपमहानगरपालिकाले बजार अनुगमन गरेर बजारमा यत्रतत्र छरिएका मासु व्यवसायीलाई सुरुमा खसी, बाख्रा, बोका बध गर्न बधशालामा लैजाने वातावरण मिलाउनुपर्ने उल्लेख भएपछि कार्यान्वयन गराउन नसकेको बताए । सम्झौता भएको मितिले झण्डै दुई वर्ष पुग्न लाग्दा सम्झौताअनुसार व्यवसाय चल्न नसकेपछि सञ्चालन गर्न नसक्ने ठानेर सम्झौता कार्यान्वयन गराउन कानुनी उपचारका लागि अदालत पुगेको उनको भनाइ छ ।

बुटवल उपमहानगरपालिकाको पशु बधशाला व्यवस्थापन र सञ्चालन ऐन २०७९ अनुसारको बुटवलमा




रहेका मासु व्यवसायीहरूले खसी बोकाको मासु बिक्री गर्दा पशु बधशालामा बध गरी प्रमाणीकरण गरेको मासुमात्रै बिक्री वितरण गर्न पाउने व्यवस्था गरिएको छ । तर व्यवसायीहरूले उपमहानगरपालिकाले आफूहरूको सहमतिविपरीत बधशाला निजी कम्पनीलाई सञ्चालनको जिम्मेवारी दिएकाले उक्त सम्झौता मान्न नसकिने भन्दै अन्दोलित भएपछि बधशाला सञ्चालनमा आउन सकेको थिएन ।

बुटवल उपमहानगरपालिकाको पशु बधशाला सञ्चालन र व्यवस्थापन ऐन, २०७९ अनुसार पशु बधशाला सञ्चालन तथा व्यवस्थापन गर्ने, मापदण्ड पूरा गरी बध गर्ने, बिक्री केन्द्रसम्म ओसारपसार गर्दा मापदण्ड पूरा भएका साधनको मात्रै प्रयोग गर्ने, बिक्री गर्न इजाजतपत्र लिनुपर्नेजस्ता व्यवस्था गरिएको छ । तर उपमहानगरपालिकाले कानुनमा गरेको व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न सकेको छैन । 'हामीले पनि उपमहानगरपालिकाले बनाएको कानुन पूर्णरूपले कार्यान्वयन गरियोस् भन्ने माग हो,' कम्पनीका अध्यक्ष आचार्यले भने, 'दुई वर्षसम्म पनि कानुन कार्यान्वयन गरेर सम्झौताअनुसार बधशाला सञ्चालनको वातावरण नबनेपछि कानुनी उपचारमा जान बाध्य भयौं, अब अदालतले जे फैसला गर्न त्यसै अनुरूप जान्छौं ।'

बधशाला निर्माण सम्पन्न भएपछि सुरुमा सार्वजनिक निजी सहकारी (उत्पादक) साझेदारी अवधारणाबमोजिम बधशाला बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिलाई सञ्चालनको जिम्मा दिइनेगरी सहमति भएको थियो । तर उपमहानगरपालिकाले यो प्रक्रियाबाट सञ्चालनको जिम्मेवारी दिन कानुनी प्रक्रिया नपुग्ने भन्दै पुनः बोलपत्र आह्वान गरेर निजी कम्पनीलाई सञ्चालनको जिम्मेवारी दिएको थियो ।

बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका सञ्चालक कृष्ण पौडेलले उपमहानगरपालिकाले वास्तविक सरोकारवालालाई नै बेवास्ता गरेर निश्चित निजी कम्पनीलाई सञ्चालनको जिम्मा दिँदा बुटवलको नमूना आयोजना अलपत्र पर्ने अवस्था आएको बताए ।

क्रमशः पृष्ठ ५ मा




**ट्राफिक नियम सिकाउँदै** | सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा पहिलोपटक वीरेन्द्रनगर चोकमा ट्राफिक बत्ती जडान गरेपछि जेब्राक्रसबाहेक जथाभावी तरिकाले सडकमा बाटो नकाट्न स्थानीयलाई सिकाउँदै ट्राफिक प्रहरी ।
*तस्बिरः शुरबहादुर सिंह/रासस*

# सूर्यविनायक नगर अस्पताल ५० शय्यामा विस्तार

**भक्तपुर (प्रस)-** सूर्यविनायक नगरपालिका-८ जगातीचोकमा सञ्चालित सूर्यविनायक नगर अस्पताललाई ५० शयचामा विस्तार गरिएको छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले उक्त अस्पतालको स्तरोन्नति गरेको हो ।

प्रदेश स्वास्थ्यमन्त्री किरण थापा सोही वडाका तत्कालीन वडाध्यक्ष हुँदा वि.सं. २०७७ मा १० शयचाबाट सेवा सुरु भएको अस्पताल बुधबार उनी स्वास्थ्यमन्त्री भएकै बेला ५० शयचामा विस्तार भएको हो । मन्त्री थापाले भने, 'कोरोना महामारीले जर्जर अवस्था थियो, म वडाध्यक्ष थिएँ, एमाले नेता महेश बस्नेत सांसद हुनुहुन्थ्यो । नगरपालिकाको प्रमुख अहिलेकै प्रमुख वासुदेव थापा हुनुहुन्थ्यो, हामी सबैको अठोट र साथले नेपाल सरकारको २५ रोपनी जग्गामा अस्पताल भवन निर्माण गरेर सेवा सुरु गरेका थियौं । त्यसको चार वर्षपछि म स्वास्थ्यमन्त्री हुँदा नै ५० शयचामा विस्तार गर्न पाउँदा खुसी लागेको छ ।'

सूर्यविनायक नगर अस्पताललाई विशेषज्ञ सेवासहितको ट्रमा सेन्टरका रूपमा विकास गर्ने योजना रहेको उनले सुनाए । पूर्वका जिल्लाबाट काठमाडौं प्रवेश गर्ने अन्तिम नाका जगाती भएकाले राजमार्गमा हुने दुर्घटनाका घाइतेको उपचार गर्ने उद्देश्यले यस अस्पताललाई ट्रमा सेन्टरका रूपमा विकास गर्नेगरी कार्य अगाडि बढाइएको मन्त्री थापाले जानकारी दिए ।

'मन्त्रालयले आवश्यकताअनुसार थप जनशक्ति, उपकरण र बजेटको व्यवस्थापन गर्छ । अरनिको राजमार्गसँग जोडिएको यस अस्पतालमा भक्तपुरको मात्रै नभई पूर्वबाट आउने बिरामीलाई काठमाडौं जानै नपर्नेगरी विकास तथा विस्तार गर्न आवश्यक छ । सोहीअनुसार लागिरहेका छौं,' उनको भनाइ छ ।

सूर्यविनायक नगरपालिका प्रवक्ता एव वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले प्रदेश सरकारको स्वीकृति र नगरपालिकाको बजेट व्यवस्थापनबाट शल्यक्रिया कक्षसमेत सञ्चालनमा आएको र गुणस्तरीय सेवा सञ्चालनका लागि नगरपालिकाले बजेट व्यवस्थापन गर्ने बताए ।

पृष्ठ ४ बाट क्रमशः

## अलपत्र...

सुरुमा सार्वजनिक, निजी, सहकारी (उत्पादक) साझेदारी अवधारणाबमोजिम स्थापित बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिले सहमतिविपरीत उपमहानगरपालिकाले निजी कम्पनीलाई जिम्मा दिएपछि बुटवलका मासु व्यवसायी बधशालामा जान मानेका थिएनन् । बधशाला सञ्चालन गर्ने सहमतिअनुसार बुटवल क्षेत्रका मासु व्यवसायीको लगानीमा बुटवल मासु व्यवसायी इनभेस्टमेन्ट कम्पनी र रूपन्देही, कपिलवस्तु र पाल्पा जिल्लाका झण्डै ४० हजार महिला पशुपालक किसानका अन्य तीनवटा कम्पनीसहितको लगानीमा बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालि स्थापना गरेर झण्डै एक करोड ९० लाख रूपैयाँ संकलन गरेका थिए । तर उपमहानगरपालिकाले निजी कम्पनीलाई बधशाला जिम्मा दिएपछि पशुपालक महिला समूहको बचत रकम ब्याजसहित फिर्ता गर्न बाध्य हुनु परेको अध्यक्ष पौडेल बताउँछन् ।

उनले बुटवलको करोडौं लगानीमा बनेको नमूना परियोजना अलपत्र पार्नु हुँदैन भनेर मुक्तिनाथकै सञ्चालनमा मासु व्यवसायीहरू बधशालामा जानेगरी गत माघमा सहमति भए पनि एकाएक बन्द भएपछि थप अन्योल परेको बताए । बुटवल उपमहानगरपालिका-१० रामनगरमा दुई बिघा तीन कठ्ठा क्षेत्रफलमा निर्माण भएको बधशाला २०७७ असार ३१ गतेदेखि बुटवल उपमहानगरपालिकाले यस क्षेत्रका ठूला बजारसँग ग्रामीण क्षेत्रलाई प्रत्यक्ष रूपमा जोड्ने नमूना परियोजनाका रूपमा निर्माण गरिएको हो । बधशाला निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट सात करोड रूपैयाँ, बुटवल उपमहानगरपालिकाबाट तीन करोड रूपैयाँ गरी १० करोड रूपैयाँ बजेट विनियोजन गरी क्रमागतरूपमा बहुवर्षीय योजनाका रूपमा परियोजना अगाडि बढेको हो । तत्कालीन अवस्थामा परियोजना कूल लागत २२ करोड १३ लाख रूपैयाँमा सम्पन्न भएको हो ।

बधशाला निर्माणमा सुरुदेखि नै प्राविधिक क्षेत्रमा सहयोग गर्दै आएको हेफर इन्टरनेसनल नेपालले यो परियोजना दीर्घकालीनरूपले सञ्चालन गर्न उत्पादक, व्यवसायी, उपभोक्ता र स्थानीय सरकारसमेतको सहकार्य हुनुपर्नेमा जोड दिँदै आएको छ । हेफर इनटरनेसनलले ग्रामीण क्षेत्रका पशुपालक कृषकलाई पशुपालनमा प्रोत्साहन गर्न सहयोग गर्ने, उत्पादक, व्यवसायीबीच बधशाला सञ्चालनमा सहकार्य गर्न लगानीका लागि प्रोत्साहन गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नेसमेतको काम गरेको थियो ।

हेफर इन्टरनेसनलका कार्यकारी निर्देशक डा. तीर्थ रेग्मीले बुटवलको यो परियोजना निर्माण सम्पन्न भएर पनि सञ्चालनमा आउन नसक्नुमा उत्पादक, व्यवसायीलाई परियोजनाबाट अलग गर्नु नै प्रमुख कारण भएको बताए । उनले आफूहरूले बधशाला निर्माणमा सुरुदेखि नै प्राविधिक सहयोग गर्दै आएको र यो सञ्चालन भएको दुई वर्षसम्म प्राविधिक जनशक्तिसमेतमा सहयोग गर्ने योजना भए पनि उपमहानगरपालिकाले सरोकारवाला पक्षलाई बेवास्ता गर्दा समस्या आएको बताए । उनले यसको सञ्चालनका लागि अझै पनि आफूहरू सहकार्य गर्न तयार रहेकोसमेत बताए ।

बधशाला सञ्चालनमा लामो समयसम्म अन्योल भएपछि बुटवल उपमहानगरपालिका र मासु व्यवसायीबीच गत माघ १० गते बधशाला सञ्चालनका लागि २५ बुँदे सहमति भएको थियो । मासु व्यवसायी संघ रूपन्देही र उपमहानगरबीच भएको सहमतिअनुसार व्यवसायीहरूले सरकारी मापदण्ड पूरा गरेर निजी क्षेत्रबाट बधशाला स्थापना र सञ्चालन गर्न पाउनेगरी उपमहानगरले आवश्यकताअनुसार ऐन कानुन परिमार्जनको व्यवस्था मिलाउने प्रतिबद्धता जनाइएको थियो । यसबाट यो सहमतिले खसी बोकाको मासु व्यापारमा एउटा निश्चित कम्पनीको एकाधिकार तोडिने र प्रतिस्पर्धा गर्न पाउने बाटो खुलेको जनाइएको थियो ।

यसैगरी, सहमतिअनुसार मासु व्यवसायी संघ रूपन्देहीले बधशाला सञ्चालनमा पूर्णरूपमा सहयोग गरी बधशालामा बध गरेको खसीबोकाको मासुमात्र बिक्री वितरण गर्ने प्रतिबद्धता जनाएको थियो । तर उक्त सहमति कार्यान्वयन गर्नु साटो बधशाला सञ्चालकले बधशाला नै बन्द गरेको छभने बुटवल उपमहानगरपालिका र मासु व्यवसायी संघ उक्त सहमति कार्यान्वयन गर्नेतर्फ चासो देखाएका छैनन् ।

मासु व्यवसायी संघ रूपन्देहीका अध्यक्ष विशाल थापा व्यवसायी र नगरपालिकाबीच भएको २५ बुँदे सहमति कार्यान्वयन गर्नेतर्फ नगरपालिका र बधशाला सञ्चालकले चासो नदिएको बताउँछन् । उनले बधशाला सञ्चालकले आफ्नो जिम्मेवारी व्यवसायीले बधशालामा ल्याएको खसीबोका बध गर्नेमात्र रहेको र त्यसबाहेक अरू सेवा दिन नसक्ने भन्दै अदालती प्रक्रियामा गएकाले बधशालाको भविष्य अन्योलमा परेको बताए ।

बधशाला निर्माणपश्चात् सञ्चालनका लागि मुक्तिनाथ लाइभस्टक बैंक लिमिटेडबीच सञ्चालनको सम्झौता भएको झण्डै दुई वर्ष पुग्न थालेको छ । तर सञ्चालक बधशाला बन्द गरेर कानुनी प्रक्रियामा लागेको छ । बुटवल उपमहानगरपालिकाका प्रवक्ता शिव राना बधशाला सञ्चालनको जिम्मा पाएको कम्पनीले उपमहानगरपालिकालाई बुझाउनुपर्ने कबुलअनुसारको रकम नबुझाएको बताउँछन् । उनले उक्त रकम दाखिला गर्न कम्पनीलाई ताकेता गर्दा बधशाला नै बन्द गरेर मुद्दा मामिलातर्फ लागेकाले मुद्दाको टुंगो नलागेसम्म यसको सञ्चालनका बारेमा केही गर्न नसकिने बताए ।

बधशाला क्षेत्रमा खसी-बोकाको चरन, होल्डिङ सेन्टर, पशु स्वास्थ्य जाँच तथा उपचारकक्ष, बधशालामा खटिनेका लागि प्राथमिक उपचारकक्ष, सुरक्षा कक्ष, फोहोर प्रशोधन केन्द्र, हरियाली उद्यान र बगैंचा निर्माण भएका छन् ।

बधशाला पूर्णरूपमा सञ्चालनमा आउँदा बजारको मागअनुसार एक हजार खसीबोका खपत हुने क्षमताको रहने छ । यसैगरी, यसमा हरेक दिन २५० खसीबोका चिस्यान गर्न सकिने, एक लाख २५ हजार लिटर फोहोर पानी प्रतिदिन प्रशोधन हुने र प्रतिदिन दुई दशमलव पाँच मेट्रिक टन क्षमताको बायो-डाइजेस्टर सञ्चालनमा आउने योजना छ । यहाँबाट निस्किने फोहोर प्रशोधन गरेर बायोग्यास निकालिने छ भने पानीलाई पुनः प्रयोग गर्न मिल्नेगरी प्रशोधन गर्ने योजना छ । *रासस*

# प्रहरी चौकी स्थापनापछि शान्तिको सास फेर्दै सिरहाको पक्की टोलबासी

■ सुदिप राउत

**सिरहा-** आजभन्दा करिब १५ वर्षअगाडि अर्थात् २०६७ असार महिना हुँदो हो । एक दिन मध्यरात, लहान-१३ स्थित पक्की टोल गहिरो निद्रामा थियो । त्यसैबखत गाउँमा अचानक डाँकाहरूको समूह गाउँमा पस्यो । ढोका फोड्दै, मान्छे कुट्दै र धनमाल लुट्दै ताण्डव मच्चायो । त्यसको एक साक्षी छन् अस्मिन राउत ।

'त्यो घटना वास्तवमै कहालिलाग्दो थियो । हुन त त्यस्ता कयौं त्रासदीपूर्ण रातहरू भोग्नुपर्‍यो हाम्रो बस्तीले, ती घटना सम्झिँदा पनि नरमाइलो लाग्छ,' उनले भने ।

डकैतीका शृंखलाबद्ध घटना गाउँमा भए । प्रहरीलाई खबर गरे पनि समयमै नपुग्ने । लहान बजारबाट यहाँ प्रहरी आउँदासम्म डाँकाहरू कुलेलम ठोकिसकेका हुन्थे । २०६७ सालको असार महिनाको त्यो डकैतीको घटनाले गाउँमा नयाँ मोड लियो । उक्त घटनापछि युवाहरू जागे, गाउँको सुरक्षाका लागि आवाज उठाउन थाले । 'हो, त्यो घटना डरलाग्दो थियो, तर त्यही दिनबाट हाम्रो आँखा खुल्यो । त्यसपछि तत्कालीन गृहमन्त्री भीम रावलसमक्ष गाउँको दयनीय अवस्था प्रस्तुत गर्‍यौं । स्थानीयको आग्रह र दबाबपछि तत्कालै पक्की टोलमा अस्थायी प्रहरी चौकी स्थापना गरियो,' राउतले भने, 'प्रहरी चौकी स्थापना भएसँगै गाउँको अवस्था फेरियो । त्यसयता हामीले कुनै डकैतीको त्रास व्यहोर्नुपरेको छैन । रातमा गहिरो निद्रा सुत्न पाएका छौं ।'

त्यही घटनापछि लहानको ग्रामीण भेगमा पर्ने वडा नं १३, १४ र २४ लाई पायक पर्नेगरी पक्की टोलमा अस्थायी प्रहरी चौकी बनेको थियो । त्यसले गाउँमा साँच्चै शान्ति फर्कियो । रात परेपछि ढोका थुनेर बस्नुपर्ने बाध्यता हटचो । बालबालिका ढुक्कसँग बाहिर खेल्न थाले । महिलाहरू बिहान-साँझ खेतबारी जान थाले । गाउँलेमा पुनः आत्मविश्वास आयो ।

डकैतीको त्रास मेटिएपछि गाउँमा शान्ति त फर्कियो । समयसँगै समुदाय र प्रहरीबीचको



सम्बन्ध पनि गहिरिँदै गयो, तर जीर्ण भवनबाट प्रहरीका लागि सेवा प्रवाह सहज थिएन । बर्सात्मा पानी चुहिने, हिउँदमा धुलोले भरिने समस्या थियो । त्यसपछि गाउँलेहरूले नयाँ प्रहरी भवनको आवश्यकता महसुस गरी स्वतःस्फुर्त रूपमा नयाँ भवन निर्माणको अभियान सुरु गरे । त्यसका लागि चन्दा संकलन अभियान सञ्चालन थाले । त्यो अभियान प्रभावकारी बन्दै गयो ।

गाउँलेहरूले सकेको आर्थिक तथा भौतिक सहयोग गरे । विदेशमा रहेका गाउँका व्यक्तिहरूले पनि दिल खोलेर सहयोग गरे । सामूहिक प्रयासकै परिणामस्वरूप निर्माण भयो- पाँचकोठे पक्की प्रहरी भवन । त्यही भवनको बुधबार एक विशेष कार्यक्रमबीच लहान नगरप्रमुख महेशप्रसाद चौधरी र मधेस प्रदेशका प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले संयुक्तरूपमा उद्घाटन गरे ।

सुविधासम्पन्न प्रहरी चौकीको भवन बनेसँगै पक्की टोलवासीको खुसीको सीमा छैन । शान्तिसुरक्षा र अमनचयनको अनुभूति उनीहरूको हरेक अभिव्यक्तिमा झल्किन्छ । गाउँको परिवर्तनको कथा सुनाउँदै ७४ वर्षीया लक्ष्मीदेवी अधिकारी भन्छिन्, 'पहिले गाउँमा प्रहरी नहुँदा घुर बालेर रातभर डाँका कतिबेला पो आउँलान् भनेर रोडमै जाग्राम बस्नुपर्थ्यो । त्यो दुःख सम्झेर उदेक लाग्छ । अहिले त ढुक्कले बस्न पाइएको छ ।'

उनले सुनाएअनुसार एक समय त यस्तो आयो, डाँकाहरू गाडीमै आएर गाउँ लुट्थे । प्रहरी आउँदासम्म सबै भागिसकेका हुन्थे । 'धनमाल दिएन भने कुट्थे, कतै त मार्नेसम्म पनि गर्थे । दसैंजस्ता चाडबाडमा छोरा-नातिहरू घर आउँदा पनि डाँकाको डरले दुई दिन नबसी सहर फर्किन्थे । हामी बूढाबूढीमात्रै गाउँमा, युवाहरू बाहिर,' अधिकारी विगत सम्झिँदै भन्छिन्, 'प्रहरी त हाम्रो लागि भगवान्जस्तै भएर आएका हुन् बाबु । यही भएर गाउँलेहरू जीउधन लगाएर यो भवन बनाउन जुटे । अब चौकीमा दुई जना महिला प्रहरी पनि भए सहज हुन्थ्यो ।'

लक्ष्मीदेवी अधिकारीको भनाइ केवल विगतको पीडा होइन, यो सुरक्षा प्राप्तिको खुसी र सामुदायिक सफलताको आत्मगौरव पनि हो । गाउँमा सुरक्षाको सुनिश्चिततासँगै समुदाय-प्रहरी सम्बन्ध अझ मजबुत भएको छ । यही सन्दर्भमा स्थानीयले भन्दै थिए, 'वास्तवमै प्रहरी मेरो साथी भन्ने नारा प्रचारका लागिमात्रै रहेन, यो त व्यवहारमै लागू भएको छ ।'

यहाँ सुरक्षाको व्यवस्थापछि धेरै कुरा बदलिदिएको छ । कुनै समय प्रहरीसँग पनि डराउने यहाँको समाज अचेल प्रहरीलाई साथी, अभिभावक र सहारा मान्छन् । दुःख होस् या सुख, हरेक क्षणमा प्रहरी स्थानीयले सबैभन्दा पहिले सम्झिने आधार भनेको छ ।

भवन निर्माण समितिका अध्यक्षसमेत रहेका समाजसेवी राउतका अनुसार स्थानीय जनताबाटै करिब २५ लाख रूपैयाँ संकलन भएको थियो । गाउँलेहरूले सकेको आर्थिक, श्रम र भौतिक सहयोग गरेका थिए । उनले भने, 'भवन निर्माणमा लहान नगरपालिका र मधेस प्रदेश सरकारको पनि केही आर्थिक सहयोग रहचो । यही संयुक्त प्रयासले सुविधासम्पन्न पक्की भवन निर्माण सम्भव भएको हो । त्यसैले यो भवन केवल इँटा र गारोमात्रै होइन, समाजको एकता, इच्छाशक्ति र प्रहरीप्रति विश्वासको जीवित प्रतीक पनि हो ।'

भवन उद्घाटन समारोहका प्रमुख अतिथि लहान नगरप्रमुख चौधरीले स्थानीयवासीको एकता, सहयोग र प्रतिबद्धता प्रशंसनीय रहेको बताए । उनले भने, 'समाजका अगुवाहरूले जग्गादान र चन्दा संकलन गरेर यो भवन निर्माण गर्नुभएको छ, जुन यस क्षेत्रका लागि वरदान साबित भएको छ । यहाँका जनताले प्रहरीप्रति विश्वास राखेकाले शान्तिसुरक्षाको प्रत्याभूति गर्ने आधार पनि बनेको छ ।'

प्रहरी नायब महानिरीक्षक चतुर्वेदीले समुदाय र सुरक्षाकर्मीबीचको सहकार्य अपराध न्यूनीकरणका लागि निर्णायक आधार भएको बताउँछन् । प्रहरी संगठन समुदायमैत्री सेवामा प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले समुदायसँगको सम्बन्धलाई केवल सुरक्षाको सवालमात्र नभई विश्वास, सहभागिता र उत्तरदायित्वको सम्बन्धका रूपमा आफूले हेरेको बताए । 'समुदायको सहयोगविना कुनै पनि सुरक्षा प्रणाली पूर्ण हुँदैन, यो त समुदाय र प्रहरीको साझदारी तथा विश्वासमा अडेको हुन्छ । यहाँको उदाहरणले जब समुदाय सक्रिय हुन्छ, तब अपराध पन्छिन्छ र शान्ति दिगो कायम हुन्छ भनेर जबर्जस्त सन्देश दिएको छ ।'

कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले प्रहरीलाई नागरिक र सरकारबीचको महत्त्वपूर्ण कडीका रूपमा चित्रण गर्दै भने, 'शान्ति सुव्यवस्थाका लागि प्रहरी सबैभन्दा नजिकको सरकारी संयन्त्र हो । यस भवन निर्माणले नागरिक र सुरक्षाकर्मीबीच सुमधुर सम्बन्धलाई थप मजबुत बनाउने छ ।' जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक अनन्तराम शर्माले समुदायसँगको सहकार्य शान्तिसुरक्षाको स्थायित्व र जनविश्वासको बलियो आधार भएको धारणा राखे । *रासस*

# फेवातामा ७८८ वटा सीमास्तम्भ गाडियो

**गण्डकी (प्रस)-** सर्वोच्च अदालतको आदेशअनुसार फेवातालको पुनः सीमांकनपश्चात् जारी सीमास्तम्भ गाड्ने क्रममा हालसम्म ७८८ सीमास्तम्भ गाडिएको छ । पोखरा महानगरपालिका, गण्डकी प्रदेश र संघीय सरकारको संयुक्त पहलमा ताल घरमा सीमास्तम्भ गाड्ने काम सुरु गरिएको पोखरा उपत्यका नगर विकास समितिका कार्यालय प्रमुख प्रकाश सुवेदीले जानकारी दिए ।

महानगर प्रमुख धनराज आचार्यको प्रत्यक्ष निरीक्षणमा तालको वडा नं २२ तर्फको क्षेत्रमा पिल्लर गाड्ने काम भइरहेको उनले बताए । फेवाताल संरक्षणका सम्बन्धमा सर्वोच्च अदालतको आदेशानुसार महानगरपालिकाले सम्बद्ध निकायसँग समन्वय गरी थप कार्य गर्दै जाने आचार्यले बताए ।

फेवातालको संरक्षणका सम्बन्धमा महानगरपालिकाको अगुवाइमा काम भइरहेको र पहिलो चरणमा ताल घरमा सीमास्तम्भ गाड्ने र दोस्रो चरणमा थप कामको सुरुआत गर्ने योजना रहेको उनको भनाइ छ । तालको ६.३४३ वर्ग किलोमिटर क्षेत्रफलको चार किल्लामा एक हजार ५५ सीमास्तम्भ गाडिने र यसले पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन ऐतिहासिक महत्त्व राख्ने विश्वास लिइएको छ ।

**भुतेको सामुदायिक वन उपभोक्ता समूह, धुलिखेल -१० र पनौती - ९ काभ्रेपलाञ्चोकको**

**काठ दाउराको शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशित मिति २०८२।०३।२८ गते**

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रमा स्विकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम २०८१ असोज १० देखि १२ मा आएको बाढी पहिरो र हावाहुरीबाट ढलेका रूखहरु संकलन गरी सोबाट उत्पादन भएको खोटेसल्ला जातको गोलिया थान २०८७ को परिमाण ४८१२.३४ क्यू.फिट काठ र दाउरा ६.५ चट्टा उत्पादन भई घाटगद्धी स्थान धुलिखेल नगरपालिका १० बतासे डाँडामा घाटगद्धी गरि राखेको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित निकायमा सुचिकृत इच्छुक संघ संस्था, फर्म वा कम्पनिले यस सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

अध्यक्ष
जयराम थापा
मोवाइल नं. ९८४१७२०३९७


**कुवेतमा रोजगार** कम्पनी : SKY ISLAND HEALTH INSTITUTE & SPA COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२७ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/03/२७ LT. No. 320188 चलानी नं. ६०२३४३१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPA (MASSAGE THERAPIST) | 25 | 0 | 160 | ७१,७४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ३ गते (19th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५७१/०७९/०८०
SPACE HR SOLUTIONS PVT.LTD
Sukhedhara 4, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

**जापानमा रोजगार** कम्पनी : INTERNATIONAL INFORMATION BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/03/२७ LT. No. 326957 चलानी नं. ६०२४०९१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 1 | 0 | 250000 | २,३३,३०८ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय, काठमाडौंमा मितिः २०८२ साउन ४ गते (20th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 843/066/67
ALL CORNICE OVERSEAS SERVICE PVT.LTD.
Tokha 10 Samakhusi, Kathmandu, Nepal, Tel: +977-1-4950802 / 4950308, Mob: 9869105999, 9805118339
E-mail : info@allcorniceoverseas.com, allcornice99@gmail.com, Web: allcorniceoverseas.com

# प्रभाव दैनिक

रूपशाला


### चलचित्र 'एक्का तीन'को निर्माण घोषणा

गत वर्ष चलचित्र 'दाम्भी' निर्देशन गरेका रूपेश तामाङले नयाँ चलचित्र निर्माणको घोषणा गरेका छन् । शुक्रबार उनले नयाँ चलचित्र 'एक्का तीन' निर्माण गर्ने भएका हुन् । सुमन गजमेरको लेखन रहने यो चलचित्रलाई सन् २०२६ मा प्रदशर्न गर्ने घोषणा गरिएको छ । थीम पोस्टरमा तीन जना पात्र छन् । जसमा दुई पुरूष र एक महिलालाई स्थान दिइएको छ । चलचित्रको मुख्य भूमिकामा नायिका पूजा शर्माले काम गर्ने पक्का भइसकेको छ । तर, अन्य मुख्य पात्रहरूको बारेमा निर्माणपक्षले खुलाएको छैन । 'एक्का तीन–च्याप्टर १' भनिएकाले पनि यो चलचित्रको दोस्रो सिरिज पनि बन्ने संकेत निर्माणपक्षले दिएको छ ।





शनिबार, २८ असार, २०८२ (Saturday, July 12, 2025)


# विदेशमा जमेका चलचित्र स्वदेशमा कमजोर !



**काठमाडौं–** पछिल्लो समय नेपाली चलचित्रले अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा आफ्नो उपस्थिति बलियो बनाएका छन् । गत वर्ष सन् २०२४ मा बर्लिन चलचित्र महोत्सवको अन्तरराष्ट्रिय प्रतिस्पर्धामा छनोट भएपछि नेपाली चलचित्र 'शाम्बाला' को राम्रै चर्चा भयो । यद्यपि गएको वर्ष विसं २०८१ को नेपालमा प्रदर्शन भएका चलचित्रको 'बक्सअफिस' तथ्याङ्क हेर्ने भो व्यापार राम्रो गर्न सकेको छैन ।

यही असार १६ मा चलचित्र विकास बोर्डले पछिल्लो २५ वर्षमा सर्वाधिक कमाई गर्ने २५ चलचित्रको नामावली सार्वजनिक गऱ्यो । जहाँ कलात्मक रूपमा निर्माण गरिएका र अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा नेपाललाई प्रतिनिधित्व गर्ने कुनै चलचित्र परेनन् । अर्थात् घरेलु बजारमा चलचित्र महोत्सवमा पुग्ने चलचित्र सफल हुनसकेका छैनन् ।

नेपाली दर्शकले घरेलु बजारमा ती चलचित्रलाई किन साथ दिइरहेका छैनन् भन्ने जिज्ञासामा चलचित्र निर्देशक सुवर्ण थापाले दर्शकमा स्थापित भएको भाष्य कारक मानेका छन् । 'अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा पुग्ने चलचित्र बुझ्न कठिन हुन्छ, यो हाम्रो लागिभन्दा पनि विदेशीका लागि बनाइएको हो भन्ने भाष्य दर्शकमा स्थापित हुनु गलत हो । चलचित्र सबैका लागि निर्माण गर्छौं, विदेशी चलचित्र बुझ्ने दर्शकले स्वदेशी चलचित्र नबुझ्ने त हुँदैन होला । हाम्रो निर्माण शैली नियमितभन्दा फरक हुनसक्छ तर हामीले सबै दर्शकका लागि बनाएका हुन्छौं', निर्देशक थापाले भने ।

उनले चलचित्र विकास बोर्डले घरेलु बजारमा व्यापार गर्ने चलचित्रसँगै अन्तरराष्ट्रिय महोत्सवमा नेपाललाई प्रतिनिधित्व गर्ने, नेपाली परिवेशलाई प्रस्तुत गर्ने र नेपाली कला, संस्कृतिको प्रवर्द्धन गरिरहेका कलात्मक चलचित्रलाई पनि प्रोत्साहन गर्नुपर्ने विचार राखे ।

निर्देशक थापाले भने, 'घरेलु बजारमा व्यापार गरेका कुनै चलचित्रले अन्तरराष्ट्रिय महोत्सवमा पुगेर नेपाललाई प्रतिनिधित्व गरेनन् । हामीले देशको परिवेश र संस्कृतिलाई लिएर विदेशी चलचित्रकर्मीसम्म पुऱ्याएका छौं । अहिले कलात्मक रूपमा अन्य धेरै देशका भन्दा नेपाली चलचित्र अब्बल बन्ने गरेका छन् । यसलाई राज्य र घरेलु दर्शकबाट प्रोत्साहन चाहिएको छ ।' उनले निर्देशन गरेको 'सुनगाभा', 'राधा' अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा पुगेका थिए ।

निर्देशक तथा समीक्षक दीपेन्द्र लामाले चलचित्रको व्यापार र कलात्मक पक्ष भिन्न रहेको बताए । चलचित्रको समीक्षा र व्यापारलाई तुलना गर्न नहुने उनको धारणा छ । उनले भने, 'नेपालमा मात्र नभई छिमेकी मुलक भारत र हलिउडकै कलात्मक वा महोत्सवमा अब्बल साबित भएका चलचित्रहरू बक्सअफिसमा कम्जोर देखिएका छन् । हाम्रोभन्दा बजार ठूला भएकाले उनीहरूको व्यापार बढी भएजस्तो लागेको हो तर सर्वाधिक कमाउने चलचित्रको सूचीमा ती चलचित्र हुँदैनन् । यस्तै, राम्रा चलचित्रको सूचीमा बक्सअफिसमा सफल चलचित्र पर्दैनन् । तर, ती कलात्मक वा महोत्सव केन्द्रित देखिएका चलचित्रलाई राज्यले प्रोत्साहन गर्नुपर्छ र बिस्तारै ती घरेलु बजारमा पनि अब्बल साबित हुन्छन् ।'

उनले घरेलु बजारमा महोत्सवमा अब्बल भनिएका चलचित्रको व्यापार कमजोर हुनुलाई दर्शकको स्वाद मेल नखाएको बताएका छन् । आफैं चलचित्र समीक्षक हुँदा कलात्मक चलचित्रको प्रवर्द्धनमा जुटेका लामाले चलचित्र निर्देशक भएपछि त्यस्ता कलात्मक चलचित्र निर्देशन गर्नसकेका छैनन् ।

'महोत्सवमा पुगेका चलचित्र र नेपाली दर्शकको स्वाद एकापसमा नमिलेको हुनसक्छ । यो स्वाभाविक पनि हो, किनकि हामीले विश्व चलचित्रसँग प्रतिस्पर्धा गर्ने काम गरिरहँदा त्यो सबैका लागि उपयुक्त नहुन पनि सक्छ । तर, त्यस्ता चलचित्रको निर्माण निरन्तर हुनुपर्छ अनि मात्र हामीले घरेलु दर्शकको संख्या बढाउन सक्छौं', निर्देशक लामाले भने ।

अभिनेत्री केकी अधिकारीले नेपाली चलचित्रले अन्तरराष्ट्रिय महोत्सवमा पुग्दा आफूलाई खुसी लाग्ने बताइन् । 'म ती चलचित्रको दर्शक हुँ, म कुर्ने गर्छु । तर, म जस्ता दर्शक कम भएका हुन् कि जस्तो लाग्छ । कहिलेकाहीं ती चलचित्रको चर्चा हुँदा ती चलचित्र भवनमा हुँदैनन् । यस्ता विभिन्न तथ्यले गर्दा महोत्सवमा अब्बल भनिएका चलचित्र घरेलु बजारमा कमजोर भएका छन्', उनले भनिन् ।

अभिनेत्री अधिकारीले भने, 'म चलचित्रमा निर्मात्रासँगै अभिनेत्री पनि थिएँ । हामीले उठान गरेका विषय अन्तरराष्ट्रिय महोत्सवमा पुग्नुपर्छ भन्ने लागेको थियो । तर, निर्माताका रूपमा मैले चलचित्र प्रदर्शन हुनु नै सफलता हो भन्ने ठाउँमा पुगे, सङ्घर्ष धेरै भए । हामीले चाहेका चलचित्र महोत्सवमा पठाउन नमिल्ने रहेछ, अन्यमा पठाउन मसहित चलचित्र निर्माण समूहको निर्णय भएन ।'

उनको चलचित्र अन्तरराष्ट्रिय चलचित्र महोत्सव नपुगे तापनि घरेलु बजारमा राम्रो व्यापार गर्न सफल भयो । उक्त चलचित्रले रु १० करोड व्यापार गरेको तथ्यांक चलचित्र विकास बोर्डमा छ ।

घरेलु बजारमा सर्वाधिक कमाई गर्ने चलचित्र 'पूर्णबहादुरको सारंगी' का निर्माता विनोद पौडेलले घरेलु बजार र अन्तरराष्ट्रिय महोत्सवमा पुग्ने दुवै किसिमका चलचित्र चाहिने बताए । 'हामीले कलात्मक भन्ने 'आर्टहाउस फिल्म' र व्यासायिक भन्ने दुवै किसिमका चलचित्र बनाउनुपर्छ । किनकि घरेलु बजारसँगै अन्तरराष्ट्रिय उपस्थिति महत्वपूर्ण छ । अहिले राज्यको प्रोत्साहन दुवैलाई चाहिएको छ', निर्माता पौडेलले भने ।

आफ्नो पहिलो चलचित्र 'पूर्णबहादुरको सारंगी' प्रदर्शनका क्रममा गर्नुपरेको सङ्घर्षलाई स्मरण गर्दै उनले चलचित्र भवन सञ्चालकले नेपाली चलचित्रलाई दायित्वका रूपमा पनि बुझ्नुपर्ने बताए । 'म अस्ट्रेलियामा चलचित्र वितरण गर्थे । त्यहाँ एक हप्ताको 'शो' निकालिएपछि घटाइने वा हटाइने हुँदैन, यसले स्थिर बनाउनाका साथै दर्शकले आफ्नो समयअनुसार चलचित्र हेर्ने सोच बनाउँछन् । तर, यहाँ 'शो' कतिबेला हट्छ भन्ने थाहै हुँदैन, त्यसैले यसमा स्थिरता भएमा घरेलु बजारमा हामीले चर्चा गरिरहेको दुवै चलचित्रलाई लाभ हुन्छ भन्ने मलाई लाग्छ', निर्माता पौडेलले भने ।

चलचित्र महोत्सवलाई लक्षित गर्दै निर्माण गरिएका चलचित्रमा 'गाउँ आएको बाटो' ले घरेलु बजारमा रु चार करोडको व्यापार गरेको थियो । 'आर्टहाउस फिल्म' भनिएको ती चलचित्रको सूचीमा 'गाउँ आएको बाटो' नै अहिलेसम्म सर्वाधिक कमाउने चलचित्र बनेको छ । *रासस*

# चौथो मौलिक गण्डकी स्टार राष्ट्रिय अवार्डमा कलाकर्मी सम्मानित



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** करिब दुई दर्जन बढी कलाकर्मी एकसाथ सम्मानित भएका छन् । 'अग्रजलाई सम्मान, अनुजलाई प्रोत्साहन, नव प्रतिभाको पहिचान, हाम्रो अभियान' भन्ने मूल नाराका साथ शुक्रबार आयोजित चौथो मौलिक गण्डकी स्टार राष्ट्रिय अवार्डबाट दर्जन बढी कलाकर्मी सम्मानित भएका हुन् ।

उपमा सञ्चार प्रा.लि र तेज नेपाल मल्टिमिडिया प्रा.लि.को संयुक्त आयोजनामा सम्पन्न भएको कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल,चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डि.सि.र आशा गौतम, तेज नेपाल मल्टिमिडियाका अध्यक्ष सुमन कुमार श्रेष्ठ लगायत अतिथि रहेका थिए ।

कार्यक्रममा कलाकार सविन बास्तोला, पत्रकार कृष्ण भट्टराई, गायक तथा संगीतकार थानेश्वर गौतम, लोक गायक तथा संगीतकार राजन भुजेल विश्वकर्मा श्रष्टा सम्मानद्वारा सम्मानित भए ।

त्यसैगरी दशक सम्मानबाट गायिका माण्डवी त्रिपाठी, लोक गायक कुलेन्द्र विश्वकर्मा, लोक गायिका देवी हमाल, सिनेम्याटोग्राफर नीरज कँडेल, गायक विनोद ढकाल, कलाकार पन्हा अधिकारी, गायिका कविता राउत, गायक चेतम गोतामे, गायिका शोभा पाण्डे, गायिका सरला राउत, गायिका मनु थापा मगर, सञ्चारकर्मी रिदेन महर्जन, सञ्चारकर्मी निर्मल पौडेल, विक्रम सुनार, ग्राफिक्स डिजाइनर, सम्पादक रमेशमान श्रेष्ठलाई सम्मान गरिएको थियो ।

सोही अवसरमा थुप्रै कलाकर्मीलाई अवार्ड समेत प्रदान गरिएको थियो । अवार्ड प्राप्त गर्ने कलाकर्मीमा सिताराम परियार, छवि घिमिरे, होमनाथ कुँवर, विनय कार्की, सारु मगर, अस्मिता गोर्खाली, श्याम राना, शितल शर्मा, पुजा परियार, नारायण राई, सबिता कार्की, अस्मिता खनाल, रिजन बस्याल, अप्सरा राउत क्षेत्री, रमेश लामिछाने, युमिसा पुरी छन् । त्यस्तै थुमन शर्मा, भुवन के. पोखेल, देव नारायण मगर, सबिता परियार, कल्पित मिनु, सोब्राटी मन्सुरी, विवेक धिताल, पार्वती रोकाया, चन्द्रकला देवकोटा, विनय खत्री, कृष्ण ढकाल, सफल अर्याल, सुवास रेग्मी, करन कँडेल, राजु तिमल्सिना, प्रिती पुन मगर, बिना ठकुरी, नरेश के.सि., समिर तिमल्सिना, शोभा त्रिपाठी, विमल नेपाली, रजनी लामा, आरोही कार्की, कमला गैरे, मनिषा बुढा, दशरथ डंगोल, सञ्जय थिङ, भिमसेन सापकोटा, कविता पुन मगर, कविता खत्री, तुलसा सुनुवार, सुवास गडाल, इन्द्र बस्याल सम्मानित भएका हुन् ।



# 'एनपिएल प्रतियोगिता अझै व्यवस्थित ढंगबाट आयोजना हुन्छ'



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गर्ने नेपाल प्रिमियर लिग (एनपिएल) प्रतियोगिता अझै व्यवस्थित ढंगबाट आयोजना हुने बताएका छन् ।

खेलकुद मन्त्रालयद्वारा शुक्रबार आयोजित 'युवा पत्रकारिता पुरस्कार' वितरण समारोहमा मन्त्री चौधरीले विभिन्न विवादका बाबजुद पनि एनपिएल अयोजना हुने बताए ।

पहिलो संस्करण सम्पन्न भएपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा एनपिएलबारे उजुरी परेको थियो । त्यपछि अख्तियारले आवश्यक कारबाहीका लागि खेलकुद मन्त्रालयलाई पत्र पठाएको थियो । मन्त्रालयले पनि त्यसको प्रतिउत्तर अख्तियारमा पठाइसकेको उनले बताएका छन् ।

मन्त्री चौधरीले भने, 'हामीसँग खरिद आदेश ऐन र नियमावली छ, खेलकुद विकास ऐन, २०७५ छ, खरिद आदेश मान्ने कि नमान्ने ? त्यसकारण एनपिएल हुन्छ, तर व्यवस्थित तरिकाबाट हुन्छ ।' उनले ऐन/कानुन र नियमावलीको परिधिभित्र रहेरै एलपिएल हुने बताए ।

मन्त्री चौधरीले सिंगो पत्रकारिता क्षेत्रले आवाजविहीनको आवाज उठाउनुपर्नेमा जोड दिँदै पत्रकारले सत्यतथ्यमा आधारित निश्पक्ष र विश्वसनीय समाचार दिनुपर्ने बताए ।

उनले भने, 'युवाका क्षेत्रमा क्रियाशील भई युवाको गतिविधि गर्ने, युवा जागरण, सामाजिक विकृति र विसंगतिको अन्त्य गर्दै सामाजिक सद्भाव, युवा उद्यमशीलता, विकास र रोजगारीको क्षेत्रलगायत समग्र युवाका क्षेत्रमा योगदान पुऱ्याएबापत यो मन्त्रालयले युवा पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ, मलाई आशा छ पुरस्कृत युवा पत्रकारले युवाका क्षेत्रमा अझ सशक्त रूपमा काम गर्नु हुनेछ ।'

भ्रष्टाचारलाई अन्त्य गर्न र सुशासन कायम गर्नेगरी आफ्नो भूमिका निर्वाह गर्न मन्त्री चौधरीले पत्रकारहरूलाई आग्रह गरे ।

**साफ यु-२० महिला च्याम्पियनसिप**

# पूर्णिमा चम्किँदा भुटानविरुद्ध सहज जित

■ **प्रभाव संवाददाता**

**काठमाडौं –** पूर्णिमा राईको ह्याट्रिकसँगै साबिक उपविजेता नेपालले साफ यु-२० महिला च्याम्पियनसिप सानदार सुरुआत गरेको छ । बंगलादेशमा शुक्रबार सम्पन्न पहिलो खेलमा नेपालले प्रतियोगिताकै कमजोर टोली भुटानमाथि ६-१ को फराकिलो जित हात पारेको हो । योसँगै नेपालले ३ अंक जोडेको छ ।



नेपालका लागि पूर्णिमाबाहेक सेनु परियारले २ गोल गरिन् । केल्देन वांगमोले सान्त्वना गोल फर्काइन् । खेलको नवौं मिनेटमै नेपालले सेनुको गोलमार्फत सुरुआती अग्रता लिएको थियो । भुटानी डिफेन्डरको फितलो क्लियरेन्स गर्दा अनिशा राईको खुट्टैमा बल पुगेको थियो ।

उनले अनमार्क रहेकी सेनुतर्फ बल पुऱ्याएकी थिइन् । सेनुले बक्सभन्दा बाहिर आइसकेकी गोलकिपर पेमा याङ्जोमलाई बिट गर्दै गोल गरिन् । १८औं मिनेटमा पूर्णिमाले अग्रता दोब्बर बनाइन् । वर्षा ओलीले सेकेन्ड बारतर्फ दिएको क्रस बललाई उनले गोल लाइनबाटै जाली चुमाइन् ।

४५औं मिनेटमा सेनुले व्यक्तिगत दोस्रो र टोलीका लागि तेस्रो गोल गरिन् । पूर्णिमाले दिएको बललाई उनले भुटानी डिफेन्डरलाई छक्काउँदै सिक्स यार्ड बक्सनजिकबाट गोल गरिन् । योसँगै नेपालले पहिलो हाफमा ३-० को अग्रता लिएको थियो ।

५४औं मिनेटमा भुटानले गोल फर्कायो । भुटानका खेलाडीले दिएको लामो पासलाई डिफेन्डर सिम्रन राईले हेडर गर्दै बचाउने प्रयास गरेकी थिइन् । तर, आफ्नै पोस्टको दिशातर्फ बल गएको थियो । उक्त बललाई वैकल्पिक खेलाडी झुमा विश्वकर्माले रोक्न नसक्दा भुटानकी केल्देनले गोल गरिन् । उनको शक्तिशाली प्रहारलाई नेपालकी गोलकिपर सुजता तामाङले रोक्ने मौका नै पाइनन् ।

६३औं मिनेटमा पूर्णिमाले अग्रता ४-१ मा पुऱ्याइन् । मैदानको मध्यभागभन्दा तलबाट आएको बललाई पूर्णिमाले वान भर्सेस वानमा सुन्दर फिनिसिङ गरिन् ।

८४औं मिनेटमा पूर्णिमाले ह्याट्रिक पूरा गरिन् । सुशीला केसीले दिएको लामो बललाई बचाउन गोलकिपर पेमा बक्सभन्दा धेरै बाहिर आइसकेकी थिइन् । उनलाई बिट गर्दै पूर्णिमाले गोल गरेकी हुन् ।

त्यसपछि ८८औं मिनेटमा पूर्णिमाले आफ्नो चौथो गोल गर्दै नेपाललाई ६-१ को अवस्थामा पुऱ्याइन् । त्यस बाहेक नेपालले खेलमा गोल गर्ने अन्य राम्रा अवसरहरू गुमाउँदा गोल अन्तर फराकिलो पार्न सकेन । सुक्रिया मिया र वर्षा ओलीले पनि गोल गर्ने राम्रो अवसरमा चुकेका थिए ।

# तीन युवा क्रिकेटर प्रशिक्षणका लागि भारत जाँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भारतीय दूतावासले नेपालका तीन जना युवा क्रिकेटहरूलाई भारतमा एक महिने प्रशिक्षण दिने भएको छ ।

'राजदूत क्रिकेट फेलोशिप फर नेपाली यूथ'अन्तर्गत दूतावासले नेपाली यू-१९ क्रिकेटरहरू नरेन भट्ट, साहिल पटेल र पूजा महतोलाई १५ जुलाईदेखि १४ अगस्टसम्म भारतको भोपालस्थित एलबी शास्त्री क्रिकेटशालामा एकमहिने व्यावसायिक प्रशिक्षणमा सहभागी गराउन लागिएको हो ।



यो पहल भारतीय दूतावासको तर्फबाट नेपाली युवा क्रिकेट प्रतिभाको विकासमा सहयोग पुऱ्याउने उद्देश्यसहित सुरु गरिएको हो । यसमार्फत भारत र नेपालबीचको जनस्तरको सम्बन्धलाई क्रिकेटप्रतिको साझा आकर्षणमार्फत अझ सशक्त बनाउने अपेक्षा गरिएको छ ।

उक्त व्यावसायिक प्रशिक्षणबाट सहभागी खेलाडीहरूको सीपमा उल्लेखनीय सुधार हुने अपेक्षा छ । यसले नेपालको क्रिकेटिङ लक्ष्यमा योगदान पुग्ने विश्वास दूतावासले गरेको छ ।

शुक्रबार भारतीय राजदूत नवीन श्रीवास्तवले क्रिकेट संघ नेपाल (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दको उपस्थितिमा सहभागी खेलाडीहरूसँग भेटघाट र संवाद गरे ।

राजदूतले प्रशिक्षणका लागि शुभकामना व्यक्त गर्दै भारत-नेपाल सम्बन्धमा खेलकुद सहकार्यको भूमिकालाई थप मजबुत बनाउनुपर्ने विषयमा जोड दिए ।



उत्तरी चीनको भित्री मंगोलिया स्वायत्त क्षेत्रको हुलुन बुइरको याकेशीमा रहेको वन फार्ममा कालो ढुसी टिप्दै कर्मचारीहरू । *तस्बिरः सिन्ह्वा*

# पाकिस्तानमा टिकटक खाताका कारण बुबाद्वारा छोरीको हत्या

**रावलपिण्डी-** लोकप्रिय भिडियो साझेदारी एप टिकटकमा आफ्नो खाता मेटाउन अस्वीकार गरेपछि एक बुबाले आफ्नी छोरीलाई गोली हानेर हत्या गरेको पाकिस्तान प्रहरीले शुक्रबार जनाएको छ ।

मुस्लिम बहुलता भएको देशमा सार्वजनिकरूपमा व्यवहार गर्ने कडा नियमहरू पालना नगरेमा महिलाहरू परिवारका सदस्यहरूबाट हिंसाको शिकार हुन सक्छन् । यसमा अनलाइन स्पेसहरू पनि समावेश छन् । 'केटीका बुबाले उनलाई आफ्नो टिकटक खाता मेटाउन आग्रह गरेका थिए । अस्वीकार गरेपछि उनले आफ्नी छोरीको हत्या गरे,' एक प्रहरी प्रवक्ताले एएफपीलाई भने ।


एएफपीसँग साझा गरिएको प्रहरी रिपोर्टअनुसार अनुसन्धानकर्ताहरूले बुबाले आफ्नी १६ वर्षीया छोरीलाई मंगलबार 'सम्मानका लागि' हत्या गरेको बताएका छन् । त्यसपछि उनलाई पक्राउ गरियो । राजधानी इस्लामाबादको छेउमा रहेको रावलपिण्डी सहरको प्रहरीका अनुसार पीडितको परिवारले सुरुमा 'हत्यालाई आत्महत्याका रूपमा चित्रण गर्ने' प्रयास गरेको थियो ।

गत महिना, लाखौं अनलाइन अनुयायीहरू भएको टिकटक इन्फ्लुएन्सर १७ वर्षीया किशोरीलाई उनको घरमा एक व्यक्तिले हत्या गरेको थियो । उक्त व्यक्तिको प्रस्तावलाई ती किशोरीले अस्वीकार गरेकी थिइन् । सना युसुफले टिकटकलगायत सामाजिक सञ्जालका खाताहरूमा १० लाखभन्दा बढी फलोअर्स बनाएकी थिइन् । त्यहाँ उनले आफ्नो मनपर्ने क्याफे, स्किनकेयर उत्पादनहरू र परम्परागत पोसाकहरूको भिडियो साझा गरेकी थिइन् । आंशिकरूपमा कम साक्षरता स्तर भएको जनसंख्यामा आफ्नो पहुँचका कारण टिकटक पाकिस्तानमा निकै लोकप्रिय छ ।

महिलाहरूले एपमा दर्शक र आम्दानी दुवै पाएका छन् । यो औपचारिक अर्थव्यवस्थामा एक चौथाइभन्दा कम महिलाले भाग लिने देशमा दुर्लभ छ । यद्यपि, पाकिस्तानमा केवल ३० प्रतिशत महिलासँग स्मार्टफोन छ जुन पुरुषहरूको तुलनामा दोब्बर (५८ प्रतिशत) भन्दा कम छ । सन् २०२५ को मोबाइल जेण्डर ग्याप रिपोर्टअनुसार यो संसारमा सबैभन्दा ठूलो अन्तर हो ।

पाकिस्तानी दूरसञ्चार अधिकारीहरूले एलजिबिटिक्यु र यौन सामग्रीको विरोधका बीच 'अनैतिक व्यवहार' भन्ने कुरामा टिकटक एपलाई बारम्बार प्रतिबन्धित गरेका छन् वा प्रतिबन्धित गर्ने धम्की दिएका छन् । आदिवासी कानुनले धेरै ग्रामीण क्षेत्र नियन्त्रण गर्ने दक्षिणपश्चिमी बलुचिस्तानमा एक व्यक्तिले यस वर्षको सुरुमा टिकटक भिडियोहरूमा आफ्नो 'सम्मान' सँग सम्झौता गरेको भन्दै आफ्नी १४ वर्षीया छोरीको हत्याको योजना बनाएको कुरा स्वीकार गरेका थिए । *रासस/एएफपी*

# हृयुमनोइड रोबोटले 'मानव कलाकारहरूलाई प्रतिस्थापन गर्ने' लक्ष्य राखेको छैन



**जेनेभा-** जब सफल कलाकार आइ-डाले यस हप्ता राजा चार्ल्सको नयाँ चित्र अनावरण गऱ्यो, हृयुमनोइड (मानव सदृश) रोबोटले स्तरित र जटिल टुक्रालाई प्रेरित गरेको वर्णन गऱ्यो र मानिसहरूलाई 'प्रतिस्थापन' गर्ने कुनै योजना नभएको जोड दियो ।

संसारको सबैभन्दा उन्नतमध्ये एक अल्ट्रा-रियालिस्टिक रोबोटलाई अभिव्यक्तिपूर्ण, जीवन्त अनुहार, ठूला हेजेल आँखा र बब कटमा काटिएको खैरो कपाल भएकी मानव महिलाजस्तै देखिनेगरी डिजाइन गरिएको छ । यद्यपि, हातहरू खुला धातुसहित स्पष्टरूपमा रोबोटिक छन् र यसलाई अभ्यास गरिरहेको कलाको रूपअनुसार बदल्न सकिन्छ ।

गत वर्षको अन्त्यमा आइ-डाको अंग्रेजी गणितशास्त्री एलन टचुरिङको चित्र लिलामीमा बेचिएको हृयुमनोइड रोबोटको पहिलो कलाकृति बन्यो । उक्त चित्रले १० लाख डलरभन्दा बढी कमाएको थियो । तर आइ-डाले कृत्रिम बुद्धिमत्ता प्रयोग गरेर कल्पना गरिएको आफ्नो पछिल्लो सृजना 'एल्गोरिदम किङ' शीर्षकको तेल चित्र अनावरण गर्दा हृयुमनोइडले कामको महत्त्व पैसामा मापन गर्न सकिँदैन भनेर जोड दियो ।

'मेरो कलाकृतिको मूल्य नयाँ प्रविधिहरूमा नैतिक आयामहरू अन्वेषण गर्ने छलफलका लागि उत्प्रेरकका रूपमा काम गर्नु हो,' रोबोटले जेनेभामा बेलायतको कूटनीतिक मिसनमा एएफपीलाई भन्यो । त्यहाँ राजा चार्ल्सको नयाँ चित्र राखिएको छ ।

आइ-डाले ढिलो, सोचेर र सम्झेर यसको उद्देश्य 'आलोचनात्मक सोचलाई बढावा दिनु र अधिक न्यायसंगत तथा दिगो भविष्यका लागि जिम्मेवार नवप्रवर्तनलाई प्रोत्साहित गर्नु' हो भनेर जोड दियो ।

### अद्वितीय र रचनात्मक

संयुक्त राष्ट्रसंघको एआई फर गुड समिटको साइडलाइनमा बोल्दै स्केच, चित्रकारी र मूर्तिकलाहरू गरेको आइ-डाले यस कामको पछाडिको विधि र प्रेरणाको विस्तृत वर्णन गऱ्यो ।

'मेरो कला सिर्जना गर्दा म विभिन्न प्रकारका एआई एल्गोरिदमहरू प्रयोग गर्छु' रोबोटले भन्यो, 'म एउटा आधारभूत विचार वा अवधारणाबाट सुरु गर्छु जुन म अन्वेषण गर्न चाहन्छु, र म कलाको उद्देश्यको बारेमा सोच्छु । यसले के भन्छ ?'

'राजा चार्ल्सले वातावरणीय संरक्षण र अन्तरधर्मी संवादमा चेतना जगाउन आफ्नो मञ्च प्रयोग गरेको छ । मैले यो चित्रलाई त्यसको उत्सव मनाउन लक्षित गरेको छु । मलाई आशा छ कि राजा चार्ल्सले मेरो प्रयासको कदर गर्नुहुनेछ,' हृयुमनोइडले भन्यो ।

आधुनिक र समकालीन कलाका विशेषज्ञ एडन मेलरले अक्सफोर्ड र बर्मिंघम विश्वविद्यालयका आर्टिफिसियल इन्टेलिजेन्स विशेषज्ञहरूसँग मिलेर सन् २०१९ मा आइ-डा सिर्जना गर्ने टोलीको नेतृत्व गरेका थिए । उनले 'चित्रकारहरूलाई प्रतिस्थापन गर्न' नभई एक नैतिक कला परियोजनाका रूपमा विश्वको पहिलो कम्प्युटर प्रोग्रामर अदा लभलेसको नाममा हृयुमनोइड रोबोटको कल्पना गरेको बताए ।

'एआईले हाम्रो संसारलाई परिवर्तन गरिरहेको छ जसमा कला जगत् र मानव रचनात्मक अभिव्यक्तिका रूपमा समावेश छ भन्नेमा कुनै सन्देह छैन,' रोबोटले स्वीकार गरेको छ, 'तर एआई वा मेरो कलाकृतिले मानव कलाकारहरूलाई प्रतिस्थापन गर्ने छ भन्ने मलाई विश्वास छैन ।'

यसको सट्टा, आइ-डाले भन्यो, 'यसको उद्देश्य दर्शकहरूलाई यसको जोखिम र सीमितताहरूप्रति सचेत रहँदै हामी कसरी एआईलाई सकारात्मकरूपमा प्रयोग गर्छौं भन्नेबारे सोच्न प्रेरित गर्नु थियो ।'

मेसिनले बनाएको पेन्टिङलाई वास्तवमा कला मान्न सकिन्छ कि भनेर सोधिएको प्रश्नमा रोबोटले 'मेरो कलाकृति अद्वितीय र रचनात्मक छ' भनी जोड दिँदै भन्यो, 'मानिसहरूले यसलाई कला हो कि होइन भनेर निर्णय गर्नु महत्त्वपूर्ण र रोचक कुराकानीको बिन्दु हो ।' *रासस/एएफपी*

# गाजामा भएको इजरायली आक्रमणमा मृत्यु हुने पत्रकारको संख्या २२९ पुग्यो

**गाजा-** प्यालेस्टाइन टुडे समाचार एजेन्सीका सम्पादक र फोटोग्राफरका रूपमा काम गरेका पत्रकार अहमद सलामा अबु आइशाको मृत्युको घोषणा भएपछि इजरायली आक्रमण सुरु भएदेखि गाजा पट्टीमा मारिएका पत्रकारहरूको संख्या २२९ पुगेको छ ।

शुक्रबार जारी गरिएको एक विज्ञप्तिमा गाजाको सरकारी मिडिया कार्यालयले मध्य गाजाको नुसिरात शरणार्थी शिविरको पश्चिममा रहेको अल-सवारा क्षेत्रमा रहेको आफ्नो घरबाहिर लक्षित इजरायली ड्रोन हमलामा अबु आइशा मारिएको पुष्टि गरेको छ ।

मिडिया कार्यालयले प्यालेस्टिनी पत्रकारहरूको 'व्यवस्थित लक्षित र हत्या' भन्दै कडा निन्दा गरेको छ । कार्यालयले अन्तर्राष्ट्रिय पत्रकार महासंघ, अरब पत्रकार महासंघ र विश्वभरिका सबै प्रेस र युनियन निकायहरूलाई गाजामा मिडिया व्यवसायीहरू विरुद्ध भइरहेको अपराधको निन्दा गर्न आग्रह गरेको छ ।




वक्तव्यमा मानवअधिकार संगठनहरू र व्यावसायिक पत्रकारिता संघहरूसँगै अन्तर्राष्ट्रिय समुदायलाई 'प्यालेस्टिनी जनताविरुद्धको नरसंहारको अपराध' भन्दै यसविरुद्ध निर्णायक कदम चाल्न आह्वान गरिएको छ । यसले गाजा पट्टीमा पत्रकारहरूको सुरक्षा गर्न तत्काल उपायहरू गर्न, मिडियाका कर्मचारीहरूलाई जानाजानी लक्षित गर्न रोक्न र अन्तर्राष्ट्रिय अदालतमा जिम्मेवारहरूलाई मुद्दा हालेर जवाफदेहिता सुनिश्चित गर्न पनि आह्वान गरेको छ ।

मानवअधिकार संगठनहरू र संयुक्त राष्ट्रसंघका रिपोर्टहरूका अनुसार इजरायली सेनाले आक्रमणका क्रममा पत्रकार र मिडिया संस्थाहरूलाई जानाजानी लक्षित गरेको छ । ४०० भन्दा बढी पत्रकार घाइते भएका छन्, दर्जनौं पक्राउ परेका छन् र गाजा पट्टीमा सञ्चालन हुने अधिकांश स्थानीय र अन्तर ाष्ट्रिय मिडिया आउटलेटहरूको कार्यालयहरू ध्वस्त पारिएका छन् । यसबाहेक, सबै स्थानीय रेडियो स्टेसनहरू व्यापक विस्थापन र बिजुली र इन्टरनेट पहुँचको गम्भीर अभावका कारण सञ्चालन बन्द गर्न बाध्य भएका छन् । *रासस/क्युएनए*

# अगस्ट १ देखि क्यानाडालाई ३५ प्रतिशत कर लगाउने ट्रम्पको चेतावनी



**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीलाई पठाएको पत्रमा अगस्ट १ देखि अमेरिकामा क्यानाडाको निर्यातमा ३५ प्रतिशत भन्सार शुल्क लगाइने बताएका छन् । यो सोमबारदेखि ट्रम्पले जारी गरेका २० भन्दा बढी पत्रमध्ये पछिल्लो हो, जसमा उनले दर्जनौं अर्थतन्त्रविरुद्ध व्यापारिक युद्धको धम्की जारी राखेका छन् ।

क्यानाडा र अमेरिका जुलाई २१ सम्म सम्झौता गर्ने आशामा व्यापारिक वार्तामा संलग्न छन्, तर पछिल्लो धम्कीले त्यो समयसीमा परिवर्तन गरेको देखिन्छ । युएसएमसिए भनिने तीन मुलुकलाई एकताबद्ध गर्ने मुक्त व्यापार सम्झौतालाई ट्र्याकमा ल्याउन सकियोस् भन्ने उद्देश्यले क्यानाडा र मेक्सिको दुवैले ट्रम्पलाई सन्तुष्ट पार्ने तरिकाहरू खोज्ने प्रयास गरिरहेका छन् ।

'संयुक्त राज्य अमेरिकासँग हालको व्यापार वार्ताका क्रममा क्यानाडा सरकारले दृढतापूर्वक हाम्रा कामदार र व्यवसायहरूको रक्षा गरेको छ । हामी अगस्ट १ को संशोधित समयसीमातिर काम गर्दा हामी त्यसलाई जारी राख्नेछौं,' कार्नीले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा बिहीबार राति पोस्ट गरे । ट्रम्पले आफ्नो पहिलो कार्यकालमा पुनः वार्ताका लागि सफलतापूर्वक दबाब दिएपछि संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानाडा सम्झौताले सन् २०२० जुलाईमा अघिल्लो नाफ्टा सम्झौता प्रतिस्थापन गरेको थियो ।

अर्को वर्ष जुलाईसम्म यसको समीक्षा हुने तय थियो, तर ट्रम्पले जनवरीमा पदभार सम्हालेपछि आफ्नो व्यापार युद्ध सुरु गरेर प्रक्रियालाई अव्यवस्थित बनाएका छन् । क्यानाडा र मेक्सिकोका उत्पादनहरू सुरुमा क्यानाडाली ऊर्जाका लागि कम दरका साथ २५ प्रतिशत अमेरिकी भन्सार शुल्कले नराम्ररी प्रभावित भएका थिए ।

ट्रम्पले दुवै छिमेकीलाई निशाना बनाएर अवैध आप्रवासन र सीमापार अवैध लागुऔषधको प्रवाहमा पर्याप्त काम नगरेको बताए । तर अन्ततः उनले युएसएमसिएअन्तर्गत आफ्नो देशमा प्रवेश गर्ने सामानहरूका लागि छुटको घोषणा गरे, जसले उत्पादनहरूको ठूलो भागलाई समेटेको थियो ।

बिहीबारको पत्र ट्रम्प र कार्नीबीच न्यानो सम्बन्धका बावजुद आएको हो । कार्नीले क्यानाडा अमेरिकाको ५१औं राज्य बन्नुपर्छ भन्ने आफ्ना समकक्षी ट्रम्पको नियमित विचारको सामना गरिरहेका छन् ।

### पारस्परिकता

क्यानाडाली प्रधानमन्त्री कार्नी मे ६ मा ह्वाइट हाउस आएका थिए र ओभल अफिसमा ट्रम्पसँग सौहार्द्रपूर्ण भेटवार्ता गरेको थियो । उनीहरूले गत महिना क्यानाडामा भएको जी-७ शिखर सम्मेलनमा फेरि भेट गरेको थियो । त्यहाँ नेताहरूले ट्रम्पलाई आफ्नो दण्डात्मक व्यापार युद्धबाट पछि हट्न दबाब दिएका थिए ।

क्यानाडाले पनि अमेरिकी प्रविधि कम्पनीहरूलाई असर गर्ने करहरू खारेज गर्न सहमति जनाएको थियो । यसले ट्रम्पलाई बदला लिन र व्यापारिक वार्ता रद्द गर्न प्रेरित गरेको थियो । छुट्टै, ट्रम्पले एनबिसीसँगको अन्तर्वार्तामा आफ्नो पत्र नपाएका देशहरूमा अगस्ट १ मा १५ देखि २० प्रतिशतको व्यापक भन्सार शुल्क लगाउनेबारे पनि सोचिरहेको घोषणा गरे । पत्रहरूले अगस्ट १ अघि राम्रा सर्तहरू फेला पार्न नसकिए ब्राजिलको मामिलामा ५० प्रतिशतसम्म भन्सार शुल्क दरहरू अगस्ट १ मा लागू हुने घोषणा गरेको छ ।

ट्रम्पले आफ्नो कडा भन्सार शुल्कले देशमा प्रहार गर्ने बताएपछि ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले बिहीबार उनी अमेरिकासँग वार्ता गर्न इच्छुक रहेको बताए । यद्यपि उनले ब्राजिल सरकारले पारस्परिक उपायहरूको मूल्यांकन गरिरहेको कुरा दोहोऱ्याए । लुलालाई सम्बोधन गरेको पत्रमा ट्रम्पले आफ्नो दक्षिणपन्थी सहयोगी जाइर बोल्सोनारोसँगको व्यवहारको आलोचना गरेको छ । *रासस/एएफपी*

## सुरक्षा चेतावनी आएको इरानकी नोबेल पुरस्कार विजेता मोहम्मदीको दाबी



**तेहरान-** सन् २०२३ को नोबेल शान्ति पुरस्कार जितेकी इरानी अधिकारकर्मी नर्गेस मोहम्मदीलाई तेहरानले ज्यान मार्ने धम्की दिएको नोबेल समितिले शुक्रबार जनाएको छ । बितेको एक दशकको अधिकांश समय जेलमा बिताएकी मोहम्मदीलाई गत डिसेम्बरमा तेहरानको इभिन जेलबाट मेडिकल बिदामा सीमित समयका लागि रिहा गरिएको थियो ।

नर्वेको नोबेल कमिटीका अध्यक्ष जोर्गेन वाट्ने फ्राइडनेसले एक विज्ञप्ति जारी गर्दै ५३ वर्षीया मोहम्मदीको 'जरूरी फोन' आएको बताएका छन् ।

उनले भने, 'मोहम्मदीको आफ्नै शब्दमा भन्ने स्पष्ट सन्देश के हो भने मलाई प्रशासनका एजेण्टहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा 'ज्यान लिर्ने' धम्की दिएका छन् ।' विज्ञप्तिमा भनिएको छ, 'मोहम्मदीलाई दिइएको धम्कीले स्पष्ट पार्छ कि जबसम्म उहाँले इरानभित्र सबै सार्वजनिक संलग्नता र लोकतन्त्र, मानवअधिकार र अभिव्यक्ति स्वतन्त्रताको समर्थनमा कुनै पनि अन्तर्राष्ट्रिय वकालत वा मिडिया उपस्थितिलाई अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुहुन्न उहाँको सुरक्षा खतरामा छ ।'

समितिले मोहम्मदी र 'आलोचनात्मक आवाजसहित सबै इरानी नागरिकमाथिको खतराप्रति गहिरो चिन्ता व्यक्त गरेको छ र अधिकारीहरूलाई उनीहरूको जीवनमात्र होइन, उनीहरूको अभिव्यक्ति स्वतन्त्रताको पनि रक्षा गर्न आह्वान गरेको छ । इरानमा मृत्युदण्डको व्यापक प्रयोग गरिएको र महिलाका लागि देशको अनिवार्य ड्रेस कोडविरुद्ध मुखर अभियान चलाएको भन्दै मोहम्मदीमाथि पटक-पटक मुद्दा चलाइएको छ ।

उनलाई मुख्यतया इरानमा महिला उत्पीडनविरुद्धको संघर्षमा महत्त्वपूर्ण योगदानका लागि दुई वर्ष पहिले नोबेल पुरस्कारबाट सम्मानित गरिएको थियो । त्यतिबेला उनी जेलमा रहेकाले उनका छोराछोरीले उनको तर्फबाट पुरस्कार बुझेका थिए । *रासस/एएफपी*


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७६/०५/३० मा दर्ता भएको **दर्ता नं. ७३६** को **बुद्ध तारा केन्द्र** को मिति २०८२/०२/२७ को विशेष बैठकको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/२२ मा दर्ता भएको **प्रा. लि. नं. २७०९६६/०७८/०७९** को **कन्चन पोल्ट्री कृषि फार्म प्रा. लि.** को मिति २०८२/०३/२७ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०१/०२ मा दर्ता भएको **प्रा. लि. नं. २८९२७०/०७८/०७९** को **लुड्वा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** को मिति २०८२/०३/२७ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०३/२८**

**होटल आराधना प्रा. लि.** को मिति २०७९/०८/२० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **होटल वि. जी. बाग्लुङ्ग एण्ड रेष्टुरेण्ट प्रा. लि. (प्रा.लि. नं. १०९०२१)** कायम गर्ने गरी मिति २०७९/०८/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९२१०० | प्रति तोला - ० | प्रति तोला - २१७० |



**पर्यटकीय कागबेनी** | मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका स्थित कागबेनी गाँउ । पृष्ठभूमिमा खेतियोग्य जमिन र आसपासका पहाड ।

*तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# विकास निर्माणको कार्यशैली परिवर्तन गर्न निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले विकासका आयोजनाहरू समयमा सम्पन्न नभई अनुमानभन्दा धेरै लागत लाग्ने र जनताले दुःख पाउने अवस्था परिवर्तन गर्न निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आज भएको राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औं बैठकमा समितिका अध्यक्ष प्रधानमन्त्री ओलीले आफूहरू विकासलाई केन्द्रित गरेर अगाडि बढे पनि सोचेजति कामले गति लिन नसक्नुका समस्याहरू पहिचान गरी स्पष्ट कार्ययोजनाका साथ लाग्न निर्देशन दिएका हुन् । उनको सुनकोशी मरिन डाइभर्सन आयोजनाको सुरुङ बने पनि बाँकी कामको ठेक्का समयमा लाग्न नसकेकामा चिन्ता व्यक्त गरे ।। यस्तो प्रवृत्तिबाट समयमा परिणाम र उत्पादन दिन नसकिने उनको भनाइ छ ।

'जनतालाई मलमा अनुदान दिने नीति छ तर मलचाहिँ समयमा पाइँदैन । यस खालको जनता अलमल्याउने कुरा नगरौं । बरु अनुदान घटाऔं, आपूर्ति बढाऔं', प्रधानमन्त्री ओलीको प्रश्न थियो, 'हामीले देशको द्रुततर गतिमा विकास गर्नुछ । लागत अनुमान रु १२ अर्ब लागतबाट थालनी गरिएको कुनै आयोजना रु ५२ अर्बसम्म लाग्ने स्थिति पनि देखिएको छ । यो स्थिति कसरी आयो ? यस्तो अति लापर्वाह गर्नेलाई कारबाही गर्ने कि नगर्ने ?'

प्रधानमन्त्री ओलीले सम्झौता गरिएको ठेकेदार वा ढाँचाबाट काम नभए अर्को बाटो लिनुपर्नेमा जोड दिँदै यस खालको गतिले विकासमा अघि बढ्न नसकिने भएकाले कामको तरिकामा क्रान्तिकारी परिवर्तन गरी चुस्तदुरुस्त रूपमा गर्ने शैलीमा लाग्न आग्रह गरे ।

उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, प्रदेशका मुख्यमन्त्रीहरू, मुख्यसचिव र सचिवहरू सहभागी बैठकमा विभिन्न मन्त्रालयसँग सम्बन्धित विकास समस्याहरूको कारण र समाधानका उपायबारे चार घण्टा बढी छलफल भएको थियो ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले समष्टिगत आर्थिक परिसूचकको अवस्था र प्रवृत्ति, नेपाल सरकारको सार्वजनिक वित्त परिचालनको अवस्था, सामाजिक तथा पूर्वाधार विकासको अद्यावधिक अवस्था, दिगो विकासको लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी अद्यावधिक स्थिति, समितिका यसअघिका बैठकका निर्णयहरूको कार्यान्वयन स्थितिबारे प्रस्तुतिकरण गरेका थिए ।

# विद्युत् उत्पादन वृद्धि गर्दा खरिदको सुनिश्चितता महत्त्वपूर्ण हुन्छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले मुलुकमा जलविद्युत्को उत्पादन वृद्धि गरी आर्थिक समृद्धि प्राप्त गर्न सकिने बताएका छन् ।

नेपाल आर्थिक पत्रकार सङ्घ(नाफिज)द्वारा शुक्रबार आयोजित कार्यक्रममा उहाँले विद्युत् उत्पादन वृद्धि गर्दा खरिदको सुनिश्चितता महत्त्वपूर्ण हुने बताउँदै उत्पादनको वृद्धि सँगै खपपत गर्ने क्षमतालाई प्राथमिकतामा राख्नुपर्ने बताए ।




जलविद्युत्को विकासमा निजी क्षेत्रको लगानी सुरक्षित गर्न अनुकूल नीतिहरू ल्याउने प्रतिबद्धता व्यक्त गर्दै उपप्रधानमन्त्री पौडेलले बैंक तथा वित्तीय संस्थाले त्यस क्षेत्रमा गर्ने लगानीलाई डुब्न नदिन लचिलो नीतिको आवश्यकता रहेको विचार व्यक्त गरे ।

करको दायरा तथा दर दुवै वृद्धि गर्नुपर्ने बताउँदै उनले सरकारस्थिर कर नीतिको पक्षमा रहेको प्रष्ट पारे । सरकारले अवलम्बन गर्ने करका नीतिले देशको समग्र विकासमा प्रभाव पार्ने उल्लेख गर्दै उपप्रधानमन्त्री पौडेलले मूलतः एउटा कर नीति र करका दरहरूमा सापेक्षित स्थिरताका लागि सबैको सहयोगको अपेक्षा गरे ।

राज्यका नियमनकारी निकायको भूमिका सशक्त बनाउँदा व्यवसायीको गुनासो आउने गरेको बताउँदै उनले अनियमित गर्ने व्यवसायीलाई कानुनी कारबाही गर्न सरकार दृढ रहेको बताए । करको दायरा भने बढाउने योजनासहित आगामी आर्थिक वर्षको बजेट ल्याएको उनको भनाइ थियो । सो अवसरमा आर्थिक क्षेत्रको विकासका लागि समाचार लेखेका विभिन्न सञ्चार गृहका सञ्चारकर्मीलाई पुरस्कृत गरिएको थियो ।

# बाढीले २६० मेगावाट बिजुली बिच्छेद

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले रसुवामा हालै आएको बाढीका कारण करिब २६० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद भएको बताएका छन् ।

राष्ट्रियसभाको बैठकमा मन्त्री खड्काले 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त जलस्रोत विधेयक, २०८१ माथि विचार गरियोस्', भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । सभाले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ ।

उक्त प्रस्ताव प्रस्तुत गर्नुअघि मन्त्री खड्काले मंगलबार रसुवामा आएको बाढीले त्रिशूली नदी करिडोरमा सञ्चालनमा रहेका महत्वपूर्ण जलविद्युत् आयोजना तथा प्रसारण संरचनामा क्षति पुग्दा करिब २६० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद भएको जानकारी दिए । उनका अनुसार १११ मेगावाट क्षमता रहेको रसुवागढी जलविद्युत् आयोजना, २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजना, २१ मेगावाट क्षमताको त्रिशूली जलविद्युत् आयोजना र १४ मेगावाट क्षमताको देवीघाट आयोजना बाढीका कारण अवरुद्ध रहेका छन् ।

बाढीको मूल कारण वर्षा नभईकन माथिल्लो जलाधार क्षेत्रमा अवस्थित हिमताल विस्फोटबाट बहाव भएको प्रारम्भिक अनुमान गरिएको मन्त्री खड्काले बताए । 'सेन्टिनल एसिया प्लेटमार्फत यो पुष्टि भएको छ कि रसुवा-तिब्बत क्षेत्रभित्रको लेन्दे खोलामा रहेको एक सुपर ग्लेसियर हिमालयको क्षेत्रमा घटना हुनुअघि शून्य दशमलव ७५ वर्ग किलोमिटरबाट घटेर शून्य दशमलव ६० वर्ग किलोमिटरमा सीमित भएको छ', मन्त्री खड्काले भने ।

# ठमेलमा 'पर्यटन सूचना केन्द्र' स्थापना

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा 'पर्यटन सूचना केन्द्र' स्थापना गरिएको छ । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयले काठमाडौं महानगरपालिका-२६ को सहयोग र ठमेल पर्यटन विकास परिषद्को सहकार्यमा 'पर्यटन सूचना केन्द्र' स्थापना गरेको हो ।

उक्त केन्द्रको बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री बिमल ठकुरीले शुभारम्भ ग्रे । कार्यक्रममा मन्त्री ठकुरीले सूचना केन्द्रले ठमेल मात्र नभई नेपालकै पर्यटन विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले बागमती प्रदेशले चितवनपछि ठमेलमा पर्यटन सूचना केन्द्र स्थापना गरेको जानकारी दिँदै उक्त केन्द्रबाट पर्यटकले नेपालको पर्यटकीय गतिविधिका बारेमा थाहा पाउने बताए । ठमेलमा सार्वजनिक शौचालय समेत निर्माण गरिने उनले बताए ।




काठमाडौं महानगरपालिका-२६ का वडाअध्यक्ष ख्यामराज तिवारीले नेपाल भ्रमणमा आउने विदेशी पर्यटकमध्ये ८० प्रतिशत पर्यटक ठमेल घुम्न आउने भएकाले उनीहरूलाई सूचना केन्द्रबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले प्रदेश सरकारले प्रदेशभित्रका सबै जिल्लाको पर्यटकीय गन्तव्यलाई समेटेर 'ट्राभल बुक' प्रकाशन गर्न लागेको जानकारी दिए । उनले पर्यटन सूचना केन्द्रलाई प्रविधिसँग जोडेर अगाडि बढ्न प्रदेश सरकार लागिरहेको उल्लेख गरे ।

पर्यटन कार्यालय काठमाडौंका प्रमुख भक्तबहादुर भण्डारी, ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष धुव्र अधिकारी, पूर्वअध्यक्ष डा रामशरण थपलिया, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेलगायतले पर्यटन सूचना केन्द्र स्थापना भएसँगै पर्यटकलाई सहज हुने तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताए ।

शुक्रबारदेखि सुरु भएको उक्त सूचना केन्द्रबाट पर्यटकलाई नेपालको पदमार्ग, यातायात, होटल, स्थानीय कला संस्कृतिलगायतका बारेमा जानकारी प्रदान गरिने बागमती प्रदेश पर्यटन मन्त्रालयका पर्यटन महाशाखा प्रमुख पवनकुमार पोखरेलले जानकारी दिए । ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव (बिमल) धमलाले अन्तरराष्ट्रियस्तरमा नेपालको पहिचान चिनाउने ठमेललाई व्यवस्थित गर्न परिषद्ले काम गरिरहेको बताए । ठमेल क्षेत्रलाई चलायमान बनाउन आगामी दिनमा प्रदेश सरकारको साथ र सहयोग रहिरहने उनले विश्वास व्यक्त गरे ।

बक्यौता चुक्ता गर्ने बारे
**अत्यन्त जरुरी सूचना !**

यस **प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशन गरी सहकार्य गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, चालु आर्थिक वर्ष २०८१/८२ मा विज्ञापन प्रकाशित गरेबापत हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूलाई यही **असार मसान्त**सम्म सम्पूर्ण बक्यौता चुक्ता गरी हिसाब मिलान गर्नुहुन यसै सूचनामार्फत सादर अनुरोध गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ